का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक ३०८
- १४ माघ २०७६, मंगलबार
- 28 January 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## सरकार नै चाहन्छ–
# नेपालीहरू खाडी मात्रै जाउन्

**सरकारले नै आवश्यक बातावरण तय गर्न नसक्दा रोजगारको प्रचुर संभावना भएका देशहरूमा वैदेशिक रोजगार व्यवसायीहरूले संस्थागत रूपमा नेपाली श्रम शक्ति पुऱ्याउन सकेका छैनन् । उनीहरूले तुलनात्मक रूपमा कम पारिश्रमिक पाउने र कठिन श्रम गर्नुपर्ने खाडी मुलुकहरूमा मात्रै नेपाली पठाउँदै आएका छन् ।**

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, १३ माघ

यूरोप, अमेरिका, जापान, इजरायल, क्यानडा जस्ता विकसित देशमा नेपाली युवायुवतीहरुका लागि रोजगारको प्रचुर सम्भावना भए पनि नेपालको वैदेशिक रोजगार खाडी र मलेसियामा मात्र केन्द्रित रहेको छ। सरकारले श्रम सम्झौता लगायतका पूर्वाधार तयार गर्न नसक्दा करोडौं रुपैयाँ धरौटी र बैंक ग्यारेन्टी राखेर कम्पनी सञ्चालन गरिरहेका वैदेशिक रोजगार व्यवसायीहरु परम्परागत गन्तव्यबाट निस्कन समेत नसकेको देखिएको छ ।

नेपाली युवायुवतीहरु वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृतिमा विश्वका १ सय ७२ मुलुक पुगेको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'नेपालमा विप्रेषण आप्रवाहको स्थिति' शीर्षकको अध्ययन प्रतिवेदनमा उल्लेख छ। तर, वैदेशिक रोजगार व्यवसायीहरु साउदी अरब, कतार, यूएई, बहराइन, ओमान, कुवेत, जोर्डन, मलेसियामा मुख्य रुपमा निर्भर छन् । हाल संस्थागत रुपमा नेपालले वैदेशिक रोजगारीका लागि



कतारमा काम गर्दै नेपाली कामदार । तस्विरः इन्टरनेट

११० देश खुला छ भने कतार, यूएई, जापान, दक्षिण कोरिया, बहराइन, इजराइल, जोर्डन, र मलेसिया सहित ८ देशसँग मात्र द्विपक्षीय सम्झौता गरेको छ ।

वैदेशिक रोजगार खुला गरिएको मुलुक मध्ये दक्षिण कोरियामा सरकारी सम्झौता अनुसार कामदार गइरहेका छन् । जापानसँग पनि रोजगारीको लागि सरकारी सम्झौता मार्फत कामदार पठाउने लक्ष्य राखिएको छ। तर, समझदारी अनुसार कामदार जान सकिरहेका छैनन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार, पुस महिनामा संस्थागत श्रम स्वीकृति लिएर विश्वका विभिन्न ८४ मुलुकमा नेपाली कामदार पुगेका छन् । तर, म्यानपावर कम्पनीले बाँकी पृष्ठ २ मा

# नआत्तिने, सचेत हुने

**केशर धामी/मध्यान्ह**
काठमाडौं, १३ माघ



- परीक्षण विधि तयार
- उपचारमा विशेष तयारी
- जहाजलाई छुट्टै पार्किङ
- सातै प्रदेशमा उपचार
- रसुवागढी नाकामा उच्च सतर्कता

त्रिवि शिक्षण अस्पतालले ६ जना बालबालिका रिफर गऱ्यो । रुघाखोकी तथा ज्वरो आएका ती बालबालिकालाई शिक्षण अस्पतालले टेकुस्थित शुक्रराज ट्रपिकल सेन्टर रिफर गरेको थियो। केही दिनअघि चीनबाट आएका नागरिकहरूसँगको सम्पर्कमा आएका ती बालबालिकालाई ज्वरो आउनुका साथै रुघाखोकीले सताएको थियो। शिक्षण अस्पताले उनीहरूलाई पछिल्लो समय देखिएको कोरोना भाइरसको संक्रमण भएको हुनसक्ने भन्दै रिफर गरेको थियो ।

शुक्रराज ट्रपिकल सेन्टर रिफर अन्तर्गत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा उनीहरू नमुना संकलन गरिएको छ । नमुना संकलनका क्रममा उनीहरूमा ज्वरो थिएनन् । र, प्रयोगशालाले नमुना संकलन गर्दै ज्वरो आएमा तत्काल सम्पर्कमा आउन भन्दै घर पठाइदियो ।

ती बालबालिकाहरू जस्तै यतिबेला ट्रपिकल सेन्टरमा संयौंको संख्यामा कोरोना भाइरसको संक्रमण भएको हुनसक्ने भन्दै परिक्षणका लागि विरामी आउने गरेका छन् । तर, चिकित्सकहरूले भने सामान्य रुघाखोकी तथा ज्वरो आउँदैमा कोरोना भाइरसको संक्रमण नहुने जनाएका छन् ।

सरकारले आजबाट राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामै कोरोना भाइरसको परिक्षण सुरु गरेको छ। प्रयोगशालाकी निर्देशक डा. रुना झाले आजदेखि बाँकी पृष्ठ २ मा

# विभागद्वारा ५२ मेलमिलापकर्तालाई शपथ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ

सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाले सबै विवादहरुलाई मेलमिलाप प्रक्रियामा लैजान नहुने बताएका छन्। वैदेशिक रोजगार विभागले सोमबार आयोजना गरेको मेलमिलापकर्ताहरुको सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै न्यायाधीश खतिवडाले सबै मुद्दाहरुलाई मेलमिलाप प्रक्रियामा लैजान नहुने बताएका हुन्। सबै मेलमिलापलाई पैसामा हिसाब गरेर न्यायोचित न्याय दिन नसकिने उनको भनाइ थियो ।

कार्यक्रममा वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले वैदेशिक रोजगारमा देखिएका समस्याहरुलाई मेलमिलापमा लैजादा प्रक्रिया लम्बिने हो की भन्ने चिन्ता बढेको बताए। उनले सबै वैदेशिक रोजगार व्यवसायीहरु ठग्ने र रोजगारीमा जानेहरु ठगिने हुन् भन्ने मानसिकता रहँदासम्म मेलमिलापकर्तामा चुनौती बढ्दै जाने पनि बताए ।

कार्यक्रममा नायव महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेले सबै विवादको समाधान मुद्दाबाट मात्रै नहुने बताए। उनले समस्या माधान र समाजलाई सहज रुपमा अगाडि लैजानका लागि मेलमिलाप उपयुक्त हुने बताए ।



कार्यक्रममा ५२ जना मेलमिलापकर्तालाई शपथ ग्रहण गराइएको थियो । महानिर्देशक भूसालले मेलमिलापकर्ताहरुलाई सपथ गराएका हुन् । वैदेशिक रोजगारीका केहि बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## फोरममा आकांक्षी बढ्दै

**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको नयाँ नेतृत्वका आकांक्षीहरुको सक्रियता बढी रहेको छ । फोरमले आगामी माघ २४ गते नयाँ नेतृत्वका लागि सहमति नभए निर्वाचन गर्ने योजना सहित पाँच जना व्यवसायी अध्यक्ष तथा दुई व्यवसायी महासचिव पदका लागि सक्रियता बढाएको समाचार सोमबारको मध्यान्ह दैनिक मार्फत सार्वजनिक भएपछि अन्य विभिन्न व्यवसायीहरुले पनि फोरम नेतृत्वमा आकांक्षा रहेको बताएका छन् ।

सोमबार अध्यक्षका लागि फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, पूर्व उापध्यक्ष ऋषि शर्मा, सल्लाहकार सिता देवाकोटा र वर्तमान महासचिव तारानाथ अर्यालको नाम सार्वजनिक भएको थियो । यस्तै फोरमको वरिष्ठ उपाध्यक्षमा रमेश राई, थीरमणी पौडेल र नवलकिशोर यादव चर्चामा छन् भने उपाध्यक्षमा सोम तामाङ र राजेश बाँकी पृष्ठ २ मा

## ४ वर्षपछि करोड क्षतिपूर्ति

**काठमाडौं/मस–** कतारको मर्करी मिना नामक इन्जिनियरीङ कम्पनीले ३४ नेपाली कामदारलाई तलब र रोजगारी बापत दिनुपर्ने अन्य सुविधा बापतको करिब एक करोड रुपैयाँ भुक्तानी गर्ने भएको छ ।

उनीहरूलाई कतारमा अलपत्र र बेखर्ची अवस्थामा पुऱ्याएपछि बाँकी पृष्ठ २ मा

# महाधिवेशनबारे सहमति
## सानेपामा झडप

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ



नेपाली कांग्रेसको १४औं महाधिवेशन तोकिएकै मितिमा हुने भएको छ । सोमबार बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले महाधिवेशनको मिति यथावत राख्ने निर्णय भएको प्रवक्ता विश्वप्रकाश शर्माले जनाएका छन्। गएको पुस ११ गते महाधिवेशन प्रयोजनार्थ पार्टीका क्रियाशील सदस्यता सम्बन्धी व्यवस्था भएका विधानका धारा निलम्बन गर्ने निर्णय उल्टिएको छ । सोमबारको बैठकबाट सहमतिमा बहुमतको निर्णय उल्टयाउने सहमति भएको उनले जनाए ।

वरिष्ठ नेता रामचन्द्र पौडेल समूहका केन्द्रीय सदस्य हृदयराम थानीले भने, 'अहिलेलाई केन्द्रीय कार्यसमितिको बहुमतले महाधिवेशन प्रयोजनार्थ पार्टीका क्रियाशील सदस्यतासम्बन्धी धारा निलम्बन गर्ने निर्णय केन्द्रीय कार्यसमितिको बैठकले सर्वसम्मतिमा उल्टाएको छ । आवश्यकता परेमा माघ २३ गते बस्ने केन्द्रीय कार्यसमितिको बैठकबाट सहमतिले निलम्बन गर्ने सहमति बनेको छ।' विधानसँग बाझिने धारा सहमतिमा पछि निलम्बन गर्ने निर्णय भएको थानीले बताए । स्थापन इतर पक्षको बहिष्कारबीच बसेको केन्द्रीय कार्यसमिति बैठकबाट सभापति देउवाले विधानको धारा ७१ र ५० (५) बमोजिमको अधिकार प्रयोग गरेर आगामी अधिवेशन र महाधिवेशनको प्रयोजनका लागि मात्रै भन्दै विधानका तीन वटा धाराका ५ प्रावधान निलम्बन गर्ने निर्णय गराएका थिए । पार्टीको आगामी महासमिति वा महाधिवेशनबाट अनुमोदन गर्नेगरी निलम्बन गरिएका धारामा पार्टीको क्रियाशील सदस्यता सम्बन्धी व्यवस्था छ ।

विधानको धारा ४ (२), धारा ४ (१०) (ञ), धारा ४ (१२) (ख), धारा ३५ (२) (घ) र धारा ५० (६) मा रहेको व्यवस्था निलम्बन गर्ने निर्णय केन्द्रीय कार्यसमितिले गरेको थियो। त्यो निर्णय उल्टाउने निर्णय बैठकले गरेको बाँकी पृष्ठ २ मा

# अध्यागमन सुधारमा प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ



अध्यागमन क्षेत्रको सुधारमा प्रधानमन्त्री केपी शर्मा ओलीले पहल थालेका छन् । उनले एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली पोर्टको उद्घाटन गरेका छन् । नेपाली विज्ञ र अध्यागमन विभागका प्राविधिकहरुले १ वर्ष लगाएर विकास गरिएको नेपाली पोर्टको सोमबार प्रधानमन्त्री ओलीले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको एक्सन रुमबाट स्विच थिचेर सोमबार उद्घाटन गरेका हुन् । प्रधानमन्त्रीबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एयरपोर्टको रूपमा विकास गर्ने र त्यसको थिम परम्परा झल्किने तथा आधुनिकता टल्किने गरी हुनु पर्ने भनी उद्घोष भएअनुसार पूर्वाधारको विकास गरिएको विभागले जनाएको छ । सीमा नाकास्थित सबैभन्दा बढी आवागमन हुने अध्यागमन कार्यालय भैरहवाको सुविधा सम्पन्न कार्यालय भवन निर्माण गर्न डिजाइन र इस्टिमेट तयार भई बोलपत्र आव्हान गर्ने तयारी अन्तिम चरणमा पुगेको र शंकास्पद कागजातको पहिचानका लागि अत्याधुनिक उपकरणसहितको फर्जरी डिटेक्सन ल्याबको स्थापना गरिएको विभागको भनाइ छ ।

अध्यागमन सुधार कार्यक्रमअन्तर्गत करिब २२ करोड खर्च हुने अनुमान रहेकोमा हालसम्म १६ करोड रकम खर्च भएको विभागको भनाइ छ। नेपाल सरकारका सम्बद्ध निकाय र अन्य सरोकारवालाहरुसँग समेत गरी ६० भन्दा बढी समन्वय बैठक गरी निरन्तर सल्लाह लिइएको र अध्यागमन सम्बद्ध कर्मचारीहरुलाई २४ सै घण्टा परिचालन गरिएको विभागले जनाएको छ ।

नेपाली पोर्टले नेपाल आउने र विदेश जाने सबैको जाँचपड्ताल कम्प्युटर प्रणालीबाटै गर्नेछ । नेपालको अध्यागमन प्रणालीलाई समयानुकूल सुधार गर्ने कार्ययोजनाअनुसार नेपाली पोर्ट विकास गरिएको हो । योसँगै आउने र जाने स्वदेशी तथा विदेशीको बायोमेट्रिक सूचना (औँठाछापलगायत) अध्यागमन प्रणालीमा सुरक्षित रहनेछ । नयाँ प्रणालीले कागजात र व्यक्तिको सही पहिचान हुने बाँकी पृष्ठ २ मा

# सच्याइयो मिडिया विधेयक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ

नेपाल मिडिया काउन्सिल विधेयकको दण्ड सजाय सम्बन्धी व्यवस्था हटाइएको छ । सोमबार राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिले विधेयकमा प्रस्ताव गरिएका दण्ड सजाय र जरिवानासम्बन्धी व्यवस्था हटाएको हो । सञ्चारतथा सूचना प्रविधि मन्त्रालयले संसदमा ल्याएको विधेयकमा मिडिया काउन्सिलले जारी गरेको आचार संहिता उल्लंघन गरेमा पत्रकार, सम्पादक र प्रकाशकलाई २५ हजारदेखि १० लाखसम्म जरिवाना गर्ने प्रावधान प्रस्ताव गरिएको थियो ।

दण्ड सजायको व्यवस्था हटेको जानकारी दिदै समितिका सभापति पर्शुराम मेघी गुरुङले भने, 'कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम प्रकाशक, सम्पादक, पत्रकार वा संवादातालाई २५ हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।'

समितिका सदस्य ठगेन्द्रप्रकाश पुरीका अनुसार विधेयकबाट उजुरी दिने, छानबिन गर्ने र त्यसपछि कारबाही गर्ने भन्ने व्यवस्था हटाइएको छ । त्यसको सट्टामा काउन्सिलले मेलमिलापका माध्यमबाट समस्या समाधान गर्न सक्ने व्यवस्था राखिएको जानकारी दिदै उनले भने 'समाचार लेखेको आधारमा दण्डित गराउने व्यवस्था हटाएर काउन्सिललाई मेलिमिलाप गराउने र अपराधिक काम गरेको भए प्रचलित कानुनअनुसार कारबाही गर्नुपर्ने भएकाले विधेयकको कारबाहीसम्बन्धी व्यवस्था हटाइएको हो ।'

विधेयकमा अदालतबाट कारबाही गर्नुपर्ने भए काउन्सिलले लेखेर पठाउनुपर्ने व्यवस्था राखिएको थियो । अब भने समाचार लेखेको भरमा कोही अदालत गएमा खुला हुनेछ भने काउन्सिलले कारबाही गर्ने व्यवस्था पूर्णतः हटाइएको छ। विधेयकबाट कारबाही व्यवस्था हटाउन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले पनि सहमति जनाएका थिए । सांसद पुरीका अनुसार विधेयकको प्रस्तावनादेखि अन्तिमसम्म नै संशोधन गरिएको छ। प्रस्तावनामा नै मिडिया काउन्सिललाई स्वायत्त र सक्षम निकाय बनाउने भन्ने शब्द थपिएको छ । त्यस्तै मिडिया काउन्सिललाई नियमनकारी निकाय बनाउने विषय पनि प्रस्तावनामा थपिएको छ। सांसदहरूले मिडिया काउन्सिललाई न्यायीक र प्रशासनीक निकाय बनाउने गरी विधेयक ल्याइएको भन्दै संशोधन गर्न प्रस्ताव पेश गरेका थिए ।

यसैगरी, मिडिया काउन्सिलमा ९ जना पदाधिकारी हुने व्यवस्था सरकारले ल्याएको विधेयकमा थियो । संसदीय समितिले त्यो संख्या बढाएर मिडिया काउन्सिलमा ११ जना पदाधिकारी हुने व्यवस्था राखेको छ । प्रत्येक प्रदेशबाट एक-एक जना सदस्य बाँकी पृष्ठ २ मा



शपथपछिः आइतबार प्रतिनिधिसभा बैठकको सर्वसहमतिबाट निर्वाचित सभामुख अग्निप्रसाद सापकोटाले सोमबार शपथ ग्रहण गरेका छन् । शपथ समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, निनिर्वाचित सभामुख र राष्ट्रियसभा अध्यक्ष । तस्वीरः रासस

# अतिक्रमित जग्गा धमाधम सरकारको नाममा ल्याइँदै

**काठमाडौं / मस–** सरकारले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउन थालेको छ । व्यक्तिले अतिक्रमण गरेको सरकारी, सार्वजनिक र गुठीको जग्गा फिर्ता ल्याउन थालेको हो ।

अहिलेसम्म व्यक्तिको नाममा रहेको ९ सय ४६ रोपनी ७ आना २ पैसा, १२५ विघा १६ कट्ठा १६ धुर तथा २ हजार ८२९ वर्गमिटर जग्गा सरकारको नाम ल्याइसकिएको हो । त्यस्तै १३ लाख ३३ हजार ७८३ वर्गमिटर शंकास्पद जग्गा रोक्का गरिएको भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले जानकारी दिइनन् ।



सरकारले अतिक्रमणमा परेको जग्गा फिर्ता गर्ने अभियान थालिएको मन्त्री अर्यालको भनाइ छ । थुप्र जग्गा विभिन्न नाममा दोहन भएका छन् । त्यसलाई फर्काउने अभियान थालिएको छ', मन्त्री अर्यालले भनिन ।

उच्च अदालतका पूर्व न्यायाधिस मोहनरमण भट्टराईको सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षण सम्बन्धि जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन अनुसार ३ सय ४८ विघा जमिन अस्पष्ट र दोहोरो श्रेस्ताको रहेकाले लगत कट्टा गरी कारबाही प्रक्रिया अघि बढाइने उनको भनाइ छ ।

त्यसैगरी गुठी जग्गा अन्तर्गत बागेश्वरी गुठी, काठमाडौं महानगरपालिकामा लक्ष्मीनारायण गुठीलगायतका अन्य क्षेत्रको गरी झन्डै १०८ विघा व्यक्तिको नाममा रहेकोले सरकारका नाममा फिर्ता ल्याउने प्रक्रिया अघि बढेको मन्त्री अर्यालले बताइन् ।

मन्त्री अर्यालले बालुवाटार स्थित ललिता निवासको जग्गा अनियमितता गर्नेमाथि छिट्टै कारबाही अघि बढ्ने बताइन् । ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी भएको विषयमा अहिले मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ । लिम्पियाधुरासहितको नक्सा बनाउन प्राविधिक टोली खटिरहेको समेत जानकारी दिइन् ।

# दामनमा ज्यान गुमाएकालाई क्षतिपूर्ति दिलाउन नेपालसँग माग

**काठमाडौं / मस–** मकवानपुरको दामनमा मृत्यु भएका आठ भारतीय नागरिकलाई क्षतिपूर्ति भराउन माग गरिएको छ । केरलाको मुख्यमन्त्री पिनाराई विजयनले भारतीय विदेश मन्त्रालयलाई नेपाल सरकारसँग क्षतिपूर्ति भराउन माग गर्दै पत्र लेखेका छन् ।



गत मंगलबार दामनको एभरेष्ट पानारोमा रिसोर्टमा दुई परिवारका आठ सदस्यले ज्यान गुमाएका थिए । मुख्यमन्त्री विजयनले भारतका विदेशमन्त्री एस जयशंकरलाई नेपालसँग क्षतिपूर्तिको माग राख्न चिठी पठाएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

मुख्यमन्त्री विजयनले यस घटनाको विस्तृत अनुसन्धानको विवरण समेत माग गरेका छन् । मुख्यमन्त्री विजयनले मृतक प्रविणकृष्ण नायरको परिवारसँग भेटघाटसमेत गरेका थिए ।

रिसोर्टमा राति सुतेका उनीहरू बिहान बेहोस अवस्थामा भेटिएका थिए । उपचारको लागि काठमाडौं ल्याउँदै गर्दा उनीहरूले ज्यान गुमाएका थिए । मृत्यु हुनेमा ३८ वर्षीय रन्जित कप, ३४ वर्षीया इन्द्र, ३७ वर्षीय प्रवीण, ३२ वर्षीया सरिया, ५ वर्षीय अभि, ७ वर्षीया अर्चना, ५ वर्षीय वैशनव र ९ वर्षीया बन्द्रा थिए ।

# भरतपुर विमानस्थल विस्तारबारे सर्वपक्षीय छलफल

**चितवन / मस–** चितवनस्थित भरतपुर विमानस्थल विस्तारको कार्यलाई प्रभावकारी रूपमा अघि बढाइनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजनामा भरतपुर विमानस्थल विस्तारको सम्भावना र चुनौतीको विषयमा आज भएको सर्वपक्षीय छलफलका वक्ताले देशकै मध्यभागमा रहेको विमानस्थलको विस्तार र स्तरोन्नति गरिनु अपरिहार्य भएको बताए । कार्यक्रममा पूर्व प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, पर्यटनमन्त्री योगेशकुमार भट्टराई, भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, विभिन्न मन्त्रालयका सचिव, नेपाली सेनाका उच्च अधिकारीलगायतको सहभागिता थियो । नेकपाका अध्यक्ष प्रचण्डले देशकै मध्यभागमा रहेको भरतपुर विमानस्थलको विस्तार र स्तरोन्नति अनिवार्य भएको बताउँदै सरोकारवाला मन्त्रालय र निकायको समन्वयमा भइरहेको कार्यप्रति खुशी व्यक्त गरे । अध्यक्ष प्रचण्डले चितवनको बढ्दो तीव्र शहरीकरणले सुरक्षित र व्यवस्थित विमानस्थल अनिवार्य भएको बताए ।

उपप्रधानमन्त्री पोखरेलले



भरतपुर विमानस्थल विस्तारमा रक्षा मन्त्रालय र नेपाली सेनाले पूर्णरूपमा सहयोग गर्ने बताए । भरतपुर विमानस्थल विस्तारका लागि नेपाली सेनाको घोडा प्रजनन केन्द्र र कालीबहादुर गणको जग्गालाई प्रयोग गर्नुपर्ने सन्दर्भमा रक्षामन्त्री पोखरेलले उक्त कुरा बताएका हुन् ।

कार्यक्रममा पर्यटनमन्त्री भट्टराईले भरतपुर विमानस्थल विस्तार तथा स्तरोन्नतिका लागि मन्त्रालयले तत्काल काम अघि बढाउने बताए । सम्बन्धित मन्त्रालय, सरोकारवाला निकाय, स्थानीय तह सबैसँग समन्वय र समझदारी गरेर काम अघि बढाइने उनको भनाइ थियो ।

भरतपुर महानगरपालिकाका प्रमुख दाहालले भरतपुर विमानस्थल नेपालको केन्द्र भागमा रहेको भन्दै यसलाई वाग्मती प्रदेशको मुख्य विमानस्थलको रुपमा विकास गरिनुपर्नेमा जोड दिए । उनले चितवन शैक्षिक तथा 'मेडिकल हव'को रुपमा विकास भइरहेको भन्दै विमानस्थलको प्रयोग अत्यधिक बढिरहेको बताए ।

छलफल कार्यक्रममा भरतपुर विमानस्थल विस्तार तथा स्तरोन्नतिको आवश्यकता, प्राविधिक, तथा सामाजिक आर्थिक पक्षको समेत अध्ययन गर्न बनेको कार्यदलका संयोजक तथा पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## सरकार...

जम्मा १९ वटा मुलुकमा मात्र कामदार पठाउन सकेका छन् । त्यसमा खाडीका ६ मुलुक छन् र मलेसिया भने अग्रस्थानमा रहेको छ । यूरोप र जापानमा कामदार पठाउन चाहेको भएपनि सरकारी झन्झटका कारण ती मुलुकमा गई बजार प्रवर्द्धन गर्न नसकिएको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ । पुस महिनामा मलेसिया र खाडी सहित अफगानिस्तान, बहराईन, ब्रुनाई, साईप्रस, हङकङ, जापान, जोर्डन, कुवेत, मकाउ, माल्टा, ओमान, पानामा, पोर्चुगल, रोमानिया र टर्कीमात्र नेपाली कामदार संस्थागत रुपमा जान सकेका छन् ।

तर, पुस महिनाको तथ्यांक केलाउँदा क्रोएसिया, चेक रिपब्लिक, इजरायल, जापान, लेवनान, न्यूजिल्याण्ड, नाइजेरिया, पपुवा न्यूगिनी, रसिया, सिसेल्स, स्पेन, श्रीलंका, बेलायत, उज्वेकिस्तान, माल्दिभ्स, ग्रीस, जर्मनी, फिनल्याण्ड, फिजि, बेल्जियम र अष्ट्रेलिया जस्ता देशमा नेपाली कामदार व्यक्तिगत प्रयासमा गइरहेको देखिन्छ । व्यक्तिको एकल प्रयासमा कामदार जाने गरेका ती मुलुकमा संस्थागत रुपमा भने कामदार पठाउन सकिएको छैन । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे नेपाली नियोगहरुबाट डीमाण्ड प्रमाणिकरणमा समस्या रहेका कारण व्यवसायीहरु उत्साही हुन नसकेको बताउँछन् ।

चालु आर्थिक वर्ष २०७६/७७ को चार महिनाको तथ्यांकको आधारमा कूल रोजगारीमा जाने कामदार मध्ये ७५.३ प्रतिशत खाडी मुलुक मात्र गएको देखिन्छ । विगतमा मलेसियामा समेत उल्लेख्य संख्यामा कामदारहरु रोजगारका लागि जाने गरेकोमा वैदेशिक रोजगारीमा लाग्ने शुल्क लगायतका कारण केही समय मलेसियामा वैदेशिक रोजगारी बन्द भएकाले कामदारहरुको संख्यामा उल्लेख रुपमा कमी आएको छ ।

सोही तथ्यांकको आधारमा कूल कामदारको १२.५ प्रतिशत मात्र मलेसियामा रोजगारीको लागि गएका छन् । कतार, यूएई लगायतका केही खाडी मुलुकहरुले पेट्रोलियम निर्यातमा निर्भरता कम गर्दै व्यापार, पर्यटन र निर्माण क्षेत्रतर्फ आफ्नो अर्थ व्यवस्थालाई क्रमशः विविधिकरण गर्दै लगेका छन् । त्यसले नेपालका अदक्ष कामदारको माग कुनै पनि बेला घट्ने देखिएको छ भने ती गन्तव्य मुलुहरुमा अफ्रिकी मुलुकका कामदारले नेपालीले भन्दा सस्तो तलव तथा सुविधामा काम गर्न थालेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

सन् २०२२ मा आयोजना हुने विश्वकप फुटबल प्रतियोगिताको तयारीका लागि कतारको निर्माण क्षेत्रमा उच्च बृद्धि कायमै रहने विश्लेषण भएपनि व्यवसायीहरुले कतारको निर्माण क्षेत्रबाट नेपाली कामदारका लागि माग कम आउन थालेको बताएका छन् ।

विश्व बैंकका अनुसार, सन् २०१९ मा कतारको अर्थतन्त्र २ प्रतिशतले बृद्धि हुने र मध्यम अवधिमा ३ प्रतिशत भन्दा बढीले बृद्धि हुने प्रक्षेपण गरिएको छ । तर, सो अनुसार नेपालमा डीमाण्ड आउन नसकेको बताइएको छ । खाडीकै अर्को मुलुक यूएईको पनि निर्माण क्षेत्रबाट आउने डीमाण्ड घटेर सुरक्षा र होटल व्यवसाय क्षेत्रको डिमाण्डमा सिमित हुनसक्ने आंकलन गरिएको छ ।

सन् २०२१ मा युएईको अर्थतन्त्र ३ प्रतिशतले बृद्धि हुने प्रक्षेपण विश्व बैंकको छ । तर, बढ्दो तनावले प्रक्षेपण गरिए अनुसार वृद्धिदर कायम नहुने होकि भन्ने चिन्ता पनि साथ साथै रहेको छ ।

## नआत्तिने...

कोरोना भाइरसको जाँच सुरु गरिएको जानकारी दिइन् । अत्यन्तै खर्चिलो तथा विशेष सावधानिका साथ त्यसको जाँच गर्नुपर्ने उनको तर्क छ ।

**परीक्षणको प्रक्रिया**

रुघाखोकी लागेमा वा ज्वरो आएमा जो कोहीलाई पनि कोरोनाको सक्रमण भयो कि भन्ने शंका लाग्न सक्छ । तर, त्यस्तो होइन् । निर्देशक झाका अनुसार विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसारको लक्षण देखिएमा कोरोनाको परीक्षण गरिन्छ ।

नेपालमा कोरोनाको भाइरसबारे अझै अध्ययनकै क्रममा रहेको भन्दै उनले भनिन्, "संक्रमण छ वा छैन् भनेर सबैभन्दा पहिला चीनबाट वा कोरोनाको संक्रमण भएका क्षेत्रबाट आएको हो वा होइन्, त्यो हेरिन्छ । त्यसको आधारमा मात्र हामीले कोरोनाको संक्रमणबारे जाँच गर्छौं ।"

त्यस्तै अर्को मापदण्ड भनेको विशेषज्ञ डाक्टरले परीक्षणको सिफारिस गरेको अवस्थामा कोरोनाबारे जाँच गरिनेछ । विदेशबाट मागेर ल्याएको किटमार्फत नेपालले परीक्षण सुरु गरेको निर्देशक डा. झाको भनाइ छ । "हामीले इबोला, स्वाइन फ्लू जस्ता रोगको परीक्षण पहिलादेखि नै भइरहेको थियो । तर, कोरोला नयाँ पत्ता लागेको रोग भएकाले त्यहि प्रयोगशालामा नयाँ किट प्रयोग गरेर परीक्षण गरिरहेका छौं ।" उनले देखापढीलाई भनिन् ।

यसको परीक्षण खर्च एउटै व्यक्तिका लागि २५ हजार भन्दा बढी लाग्ने गर्छ । त्यस्तै ल्याब टेष्ट गर्ने व्यक्ति पनि एकदमै सजक भएर परीक्षण गर्नुपर्ने हुन्छ । परीक्षण सुरु गरेको २४ घण्टाभित्रमा रिपोर्ट आउने निर्देशक डा. झाको तर्क छ ।

**तयारीको अवस्था**

ट्रपिकल सेन्टरले पनि कोरोनाको भाइरसको उपचारका लागि विशेष तयारी थालेको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई तत्काल २४ घण्टा नै खुला गरिएको छ । तत्काल प्रयोगशालाको सम्पर्कमा आउने विरामीको कोरोना भाइरसको परीक्षण गरिदैछ । भने अन्य अस्पतालले रिफर गरेका विरामीलाई ट्रपिकल सेन्टरको सिफारिसमा प्रयोगशालाले ल्याब टेष्ट गर्दैछ ।

त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'हेल्थ डेस्क' स्थापना गरिएको छ । विमानस्थलमा कार्यरत कर्मचारीमा संक्रमण नहोस् भनेर पर्याप्त स्वास्थ्य सावधानी अपनाइएको छ । विमानस्थलका सम्पूर्ण कर्मचारीलाई मास्क, पन्जालगायत सुरक्षात्मक सामग्री उपलब्ध गराइएको छ । कोरोना प्रभावित देशबाट आएका पर्यटक तथा नेपालीहरूको स्वास्थ्य परीक्षण गरिदै आएको विमानस्थलको हेल्प डेस्कले जनाएको छ ।

**जहाजलाई छुट्टै पार्किङ**

विश्व स्वास्थ्य संगठनको मान्यताअनुसार भाइरस प्रभावित मुलुकबाट आउने जहाजलाई विमानस्थलमा अलग्गै 'पार्किङ' को व्यवस्था मिलाइएको छ । विशेषगरी चीनबाट आउने विमानका लागि छुट्टै पार्किङको व्यवस्था गरिएको विमानस्थल स्रोतले जनाएको छ ।

त्यस्तै पर्यटकहरूको बढी चाप हुने लुम्बिनी, पशुपति, ठमेल र सौराहलगायत क्षेत्रमा सचेतनात्मक ब्यानर टासिने छ । ति क्षेत्रहरूमा अंग्रेजी तथा चिनियाँ भाषामा सचेतनात्मक ब्यानर टासिन लागिएको हो ।

**सातै प्रदेशमा उपचार**

सरकारले सातै प्रदेशका विभिन्न अस्पतालमा कोरोना भाइसरको उपचार गर्ने व्यवस्था मिलाइने जनाइएको छ । त्यसको लागि आवश्यक तयारी भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

काठमाडौं उपत्यकामा तोकिएका अस्पताल बाहेक सातै प्रदेशका प्रादेशिक अस्पतालमा समेत उपचारको व्यवस्था मिलाइन लागिएको हो ।

**रसुवागढी नाकामा उच्च सतर्कता**

चिनियाँ पर्यटकको आवतजावत हुने उत्तरी छिमेकी रसुवागढी नाकामा नेपाल र चिनियाँ दुवै पक्षबाट हेल्प डेस्क स्थापना गरिएको छ । चिनियाँ पक्षले कोरोना भाइरसको संक्रमण देखिएसँगै हेल्प डेस्क स्थापना गरेको हो । भने नेपालले पहिला नै स्थापना गरिएको हेल्प डेस्कलाई कोरोना भाइसर हेर्ने गरी सञ्चालनमा ल्याइएको छ ।

चीनले रडारले परीक्षण गर्दै उच्च ज्वरो आएमा आफ्ना नागरिकहरूलाई नेपाल प्रवेशमा रोक लगाएको छ । नेपालले पनि तत्काल थर्मोमिटरकै प्रयोग गरेर ज्वरा मापन गर्ने काम भइरहेको रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले देखापढीलाई जानकारी दिए ।

**कसरी गरिन्छ परीक्षण ?**

कोरोना भाइरस संक्रमण भए/नभएको अनुमान गर्न सबैभन्दा पहिला ज्वरो परीक्षण गर्ने गरिन्छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका डा. महेश अधिकारीका अनुसार रुघाखोकीसँगै उच्च ज्वरो आएको विरामीलाई कोरोनाको संक्रमण हुनसक्ने अनुमान गर्न सकिन्छ । तर, पुष्टि गर्नका लागि ल्याब टेष्ट नै गर्नुपर्ने उनको तर्क छ । कोरोनाको परीक्षण गर्न विशेष किसिमको रडार हुन्छ । त्यसैले विरामीको निधारमा लगाइन्छ । र उच्च ज्वरो देखिएमा कोरोनाको सम्भावना हुनसक्ने अनुमान गरिन्छ ।

आत्तिनु पर्दैन् तर, सतर्कता अपनाऔं

नेपालमा तत्काल यो भाइरसको संक्रमणको भयावह अवस्था नरहेको डाक्टरहरूले जनाएका छन् । डा. अधिकारीका अनुसार रुघाखोकी लाग्दैमा वा ज्वरो आउँदैमा डराउनुनपर्ने भन्दै उनले भने, "सतर्कता भने अपनाउँदै पर्छ ।"

## महाधिवेशनबारे...

हो । त्यस्तै बैठकले क्रियाशील सदस्यता छानबिनका लागि समिति बनाउने निर्णय गरेको छ । समिति ७ सदस्यीय बनाउने निर्णय भएको केन्द्रीय सदस्थ कल्याण गुरुङले जानकारी दिए । त्यस्तै बैठकले महाधिवेशनको मिति यथावत राखेर अधिवेशनको कार्यतालिका परिवर्तन गर्ने निर्णय पनि गरेको छ ।

सोमबारको बैठकमा पौडेल र कृष्णप्रसाद सिटौला समूह पनि सहभागी थियो । देउवा र स्थापन इतर समूहबीच शुक्रबार भएको सहमति अनुरुप केन्द्रीय कार्यसमितिको बहुमतले गरेका निर्णय सच्याइएको सदस्य थानीले जानकारी दिए ।

कांग्रेस केन्द्रीय कार्यालय सानेपामा सोमबार फेरि झडप भएको छ । पार्टी केन्द्रीय कार्यसमिति बैठक जारी रहेका बेला कार्यालय परिसरमा नेपाल विद्यार्थी संघ (नेविसंघ) का दुई समूह बीच दोस्रो पटक झडक भएको हो । झडप कुन-कुन समूह बीच भएको भन्ने खुल्न सकेको छैन । सानेपा रहेका एक सुरक्षा निकाय स्रोतले बाहिरबाट आएको नेजिसंघको एक समूहले एकाएक अनशनमा बसेको समूहमाथि ढुंगामुढा गरेको जानकारी दिएको छ । यसअघि दिउँसो नेविसंघका निवर्तमान महामन्त्री कुन्दनराज काफ्ले समूहले सभापति शेरबहादुर देउवालाई पार्टी कार्यालय प्रवेशमा अवरोध सिर्जन गरेपछि संस्थापन निकट विद्यार्थीहरु प्रतिकारमा उत्रिएका थिए ।

## अध्यागमन...

सरकारी भनाइ छ ।

नयाँ प्रणालीमा राहदानी विभागले जारी गर्ने राहदानी, वैदेशिक रोजगार विभागले दिने श्रमस्वीकृति, शिक्षा मन्त्रालयले जारी गर्ने नो अब्जेक्सन लेटर र इन्टरपोलसम्बद्ध सूचना सिस्टममै हुने र कम्प्युटरबाट सहजै हेर्न सकिन्छ । विदेशस्थित कूटनीतिक नियोगबाट समेत यही प्रणालीभित्र रहेर भिसा जारी गरिने बताइएको छ । योसँगै भिसा आवेदनमा लामो लाइन बस्नुपर्ने बाध्यता हटेको छ भने विदेशी नागरिक नेपाल बस्दा अनुगमन गर्न सकिने अध्यागमन विभागले जनाएको छ । त्यसका लागि ट्राकिङ गर्न छुट्टै मोडुलको विकास गरिएको छ । भिसा दस्तुर समेत अनलाइनबाटै तिर्न सकिने गरी अनलाइन पेमेन्ट विकास गरिएको छ ।

अध्यागमन सम्बद्ध डाटाको सुरक्षाको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा अत्याधुनिक उपकरण सहितको डाटा सेन्टर स्थापना गरिएको छ भने दोस्रो तहको सुरक्षाको लागि हेटौडामा रहेको डिजास्टर रिकभरी सेन्टरमा डाटा सेन्टरस्थापना हुनेछ । पूर्वाधार सुधार अन्तर्गत अध्यागमन कार्यालय त्रि.अ.वि. को पूर्वाधारमा आमूल परिवर्तन गरिएको छ । उच्च क्षमताका कम्प्युटर र बायोमेट्रिक उपकरण एवं सेमि अटो गेट्ससहितका आधुनिक अध्यागमन डेस्क स्थापना भएका छन् । वेटिङ लाउन्ज र शंकास्पद यात्रु छुट्याई अनुसन्धान अघि बढाउन आइसोलेसन रूमसहित कार्यकक्षहरुको रिडिजाइन गरिएको छ । त्यस्तै, उच्च क्षमताको नेटवर्किङ, विद्युत आपूर्तिको स्वचालित वैकल्पिक प्रवन्धसहित २४ सै घण्टा विना अवरोध सेवा प्रवाहको सुनिश्चितता गरिएको छ भने नयाँ प्रविधि र पूर्वाधारले अपेक्षा गरेअनुसारको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै कर्मचारीहरुलाई सघन तालिम दिइएको बताइएको छ । त्यस्तै भिसा आवेदन प्रकृयामा पर्यटकहरुलाई सहजीकरण गर्न नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुलाई र लाइन व्यवस्थापनको लागि अवकास प्राप्त सरक्षाकर्मीहरुलाई परिचालन गरी सेवालाई चस्त र प्रभावकारी बनाइएको विभागले जनाएको छ ।

## फोरममा...

गौतमबीच प्रतिस्पर्धा हुने सम्भावना रहेको छ ।

त्यस्तै महासचिवमा भवानी निरौला र कृष्ण कुमार जैसीले सार्वजनिक रुपमै इच्छा देखाएका छन् भने नारायण पराजुली पनि महासचिवको प्रचिस्पर्धीका रुपमा देखिएका छन् । व्यवसायी कमल काफ्लेले आफु सचिवमा उठ्ने तयारीमा रहेको बताए । कोषाध्यक्ष भइसेकका काफ्लेले सकेसम्म महाासचिव नभए सचिवबाट तल नओर्लने बताए । यसैगरी कोषाध्यक्षमा इन्द्र आचार्यको नाम पनि चर्चामा रहेको छ ।

## ४ वर्षपछि...

एम्नेस्टी इन्टरनेसनलले समेत क्षतिपूर्ति र शोषणजन्य श्रम प्रणालीमा सुधारको आह्वान गरेको थियो । सन् २०२२ को फिफा विश्वकपको संरचना निर्माणको जिम्मा पाएको उक्त इञ्जिनियरिङ कम्पनीमा कार्यरत नेपाली सहित ठुलो संख्याका अन्य देशका आप्रवासी श्रमिकहरु समेत शोषणमा परेको एमनेष्टी इन्टरनेशनलको भनाइ छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले सन् २०१५ मा फर्कन बाध्य भएका ३४ नेपाली कामदारलाई करिब ९० लाख रुपैयाँ नेपालस्थित कतारी राजदूतावासमार्फत दिलाउन तय भएको जानकारी दिएका छन् । एम्नेस्टी इन्टरनेसनलले कतारबाट विना तलव घर फर्केका ३४ जना नेपालीसँग अन्तर्वार्ता गरी उनीहरु शोषणमा परेको पत्ता लगाएको बताएको थियो ।

## विभागद्वारा...

विषयहरुलाई मेलमिलापहरुको माध्यमबाट समाधान गर्नका लागि विभागले मेलमिलापकर्ताहरु चयन गर्दै आएको छ ।

मेलमिलापकर्ताहरुले वैदेशिक रोजगारका सामन्य मुद्दाहरुको छिनोफानो गर्न सकिने विभागले जनाएको छ । वैदेशिक रोजगार क्षेत्रका ७५ प्रतिशत मुद्दा मेलमिलापबाट र २५ प्रतिशत भने फौजदारी प्रक्रियाबाट अघि बढाउन सकिने विभागले जनाएको छ । मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ३ को उपनियम २ बमोजिम बिभागले मेलमिलापकर्ताको चयन गर्दै आएको छ ।

## सच्याइयो...

राख्ने विषयमा समितिमा सहमति भएको छ । मिडिया काउन्सिलमा नियुक्ति गर्ने क्रममा संविधानमा व्यवस्था गरिएको समावेशीतालाई मध्यनजर गर्दै पत्रकारिताको विधागत समावेशितालाई पनि ख्यालमा राख्नुपर्ने व्यवस्था गरिएको छ । ७ प्रदेशबाट आउने सदस्यमा दुई जना महिला अनिवार्य हुनुपर्ने र बाँकीमा दलित, जनजाति, मधेशीलगायत कोटाबाट नियुक्त गर्नपर्ने विधेयकमा थपिएको छ । काउन्सिलमा नियुक्त गरिने सदस्यमा १ जना पत्रकारिता अध्यापन गराइरहेको प्राध्यापक राख्ने व्यवस्था गरिएको छ ।

मिडिया काउन्सिलको अध्यक्ष १० वर्ष र सदस्य हुन १५ वर्षको अनुभव हुनुपर्ने मन्त्रालयको प्रस्तावलाई समितिले संशोधन गरिएको सभापति गुरुङले जनाए । अब मिडिया काउन्सिलको अध्यक्ष हुनका लागि सर्वोच्च अदालतको न्यायाधीश बन्न योग्यता पुगेको व्यक्ति वा वरिष्ठ अधिवक्ता वा पत्रकारितामा स्नातकोत्तर गरेर निरन्तर १५ वर्ष पत्रकारितामा संलग्न रहेको हुनुपर्नेछ । त्यस्तै, मिडिया काउन्सिलमा पदाधिकारी सिफारिस गर्ने समिति पनि नराखिने भएको छ । सूचना तथा संचार प्रविधि मन्त्रालयको संयोजकत्वमा काउन्सिलमा पदाधिकारी सिफारिस गर्न समिति गठन गर्ने प्रस्तावलाई समितिले विधेयकबाट हटाइदिएको हो ।

**दियालो सामुदायिक वन उपभोक्ता समुह उदयपुरगढी ७ को काठ लिलाम बिक्री सम्बन्धी सूचना**

यस समुहले उत्पादन गरी घाटगद्धी गरेका ३९ थान साल गोलिया ४२८.८४ क्यु फिट र ३९ थान साज ४६७.७५ क्यु फिट आ.व.७५/७६ को काठ समुह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक भ्याट दर्ता भएका काष्ठ व्यवसायिहरुले यो सुचना प्रकाशित भएको मितिले २१ दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिनको दिन रित पुर्वक शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन अनुरोध छ । विस्तृत जानको लागि समुहको कार्यालयमा सम्पर्क हुनु अनुरोध समेत गरिन्छ ।

# एमसीसी पास गर्न हतार नगरौं : नवनिर्वाचित सभामुख



काठमाडौं/मस- नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटाले संसद्प्रति जनताको आशा र विश्वास बढ्ने ढंगबाट आफूले सदनको कामकारबाही अगाडि बढाउने बताएका छन्। सभामुख पदको शपथ ग्रहणलगत्तै सोमबार सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा पदवहाली गरेपछि आयोजित संक्षिप्त पत्रकार भेटघाटमा उनले सदनलाई जीवन्तरूपमा सञ्चालन गरिने बताए।

'हामीले चुनेर पठाएका प्रतिनिधिले लोकतान्त्रिक बाटोबाट छलफल गरेका छन् भनेर जनताले अनुभव गर्नेगरी सदनलाई अगाडि बढाउँछु,' उनले भने, 'केही विधेयक प्रमाणीकरण गर्न बाँकी छ। प्राथमिकता प्राप्त विधेयकलाई शीघ्र अगाडि लैजाने र विधेयकको प्राथमिकता छुट्ट्याएर काम गर्नेछु।'

सभामुखमा निर्वाचित भएलगत्तै अब आफ्नो सम्पूर्ण ध्यान संसद्मा केन्द्रित भएको उनको भनाइ थियो। सभामुख सापकोटाले सदनमा दर्ता भएका विधेयकका साथै संकल्प प्रस्ताव, सार्वजनिक महत्वका प्रस्तावलाई प्राथमिकता क्रम छुट्ट्याएर अगाडि बढाउने बताए।

'मिलेनियम च्यालेन्ज कर्पोरेशन' (एमसिसी) सम्बन्धी प्रस्ताव के गर्नुहुन्छ ? भन्ने जिज्ञासामा उनले एमसिसीसम्बन्धी सहयोग लिने/नलिने भन्नेमा नेपाली समाजमा बहस छेडिएको र बहसबाट निस्कने निष्कर्षका आधारमा निर्णय लिइने टिप्पणी गरे। उनले एमसीसीबारे बहस चलिरहेका कारण पास गर्न हतार गर्न नहुने धारणा राखे। 'एमसिसीको सन्दर्भमा सबै सांसदको भावना समेटेर अघि बढ्छु,' उनले भने।

लोकतन्त्रमा विरोध भइरहन्छन्

सभामुखमा निर्वाचित भएपछि आफ्नो बारेमा गरिएको विरोधलाई सामान्यरूपमा लिँदै उनले लोकतन्त्रमा विरोध गर्न सबैलाई छुट भएको टिप्पणी गरे। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेसँगै केही व्यक्तिले विरोध गरेका थिए।

उनले आफूविरुद्ध अदालतममा केही मुद्दा विचाराधीन रहेको र ती विषयमा बढी बोल्नु मनासिव नहुने बताए। 'यस विषयमा धेरै बोल्नु परिवक्वता हुँदैन,' त्यस विषयमा आफूलाई बोल्न बाध्य नपार्न आग्रह गर्दै उनले भने, 'केही विषय उठेका छन्, ती निरुपण हुँदै जान्छन्।'

पदवहालीलगत्तै सभामुख सापकोटाले संसद्मा पेश गर्न विधेयक स्वीकृत गरेका थिए। सभामुखलाई कार्यकक्षामा संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईलगायत संसद्का कर्मचारीले स्वागत गरेका थिए।

**सभामुख सापकोटा नेकपाबाट अलग**

सभामुख पद सम्हालेसँगै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता सापकोटाले आफू दलको सदस्यबाट अलग रहेको घोषणा गरेका छन्। उनले सभामुखको भूमिकालाई स्वतन्त्र तथा निष्पक्षरुपमा निर्वाह गर्न आफू दलबाट अलग रहेको घोषणा गरेका हुन्। 'नेकपाको सम्पूर्ण जिम्मेवारीबाट अब उप्रान्त आजैको मितिदेखि मेरो संलग्नता नरहेको व्यहोरा अनुरोध गर्दछु,' सभामुखद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, 'नेकपाको सदस्यबाट पनि अलग रहेको जानकारी गराउदँछु।'

# अपाङ्गतामैत्री प्रदेश बनाइन्छ : मुख्यमन्त्री राई



विराटनगर/मस- प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश नं १ मा नवनिर्माण भएका भौतिक संरचना अपाङ्गतामैत्री भएको बताएका छन्। अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको सोमबार यहाँ शुभारम्भ गर्दै उनले अपाङ्गतामैत्री प्रदेश बनाउने अभियानमा सरकार लागेको जानकारी दिए।

उनले अपाङ्गता भएका व्यक्तिको पुनःस्थापना गर्नुका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकारका साथै उनीहरुको विकासका गरी स्वस्थ्य र समुन्नत प्रदेश निर्माण गरिने धारणा व्यक्त गरे। अपाङ्गता भएका व्यक्तिलाई सक्षम र सबल बनाउने कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिने उनले जानकारी दिए।

प्रदेश नं-१ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले अपाङ्ग भएर जन्मनुपर्ने कारण र कमजोरी पत्ता लगाएर अपाङ्गता बालबालिका जन्म हुन नदिने प्रयासमा प्रदेश सरकार लागेको बताए। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले प्रदेश सरकारले शुरु गरेको यो अभियानमा महानगरपालिकाको सक्दो सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

करुणा फाउण्डेसनका अध्यक्ष प्रा डा भगवान कोइरालाले प्रदेश सरकारसँगको सहकार्यबाट अभियानले प्रदेशको ४९ प्रतिशत जनसंख्यालाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा फाइदा पुग्ने बताए। सामाजिक विकास मन्त्रालय तथा स्थानीय तह र करुणा फाण्डेशनको त्रिपक्षीय साझेदारीमा शुरु गरिएको अभियानअन्तर्गत पहिलो चरणमा १३७ पालिकामध्ये २६ वटा पालिकामा लागू हुनेछ।

पहिलो चरणमा मोरङ, सुनसरी, धनकुटा तथा पाँचथर जिल्लामा यो आगामी तीन वर्षसम्म सञ्चालन हुने छ। सोही अवसरमा ह्विलचियरमा विश्वयात्रा गर्ने ओखलढुङ्गाका तेजबहादुर कार्कीलाई रु ५१ हजार नगदसहित सम्मान गरिएको थियो।

# 'बालुवाटार जग्गा प्रकरणबारे गहिरो अनुसन्धान'

**कृष्णराज गौतम/रासस**
काठमाडौं, १३ माघ

भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा प्रकरणबारे गहिरो अनुसन्धान भइरहेको बताएका छन्। मन्त्रालयले करिब दुई वर्षको अवधिमा हासिल गरेका मुख्यमुख्य उपलब्धिबारे जानकारी दिन सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री अर्यालले सो जानकारी दिएकी हुन्।

उनले भनिन्, 'सरकारले विधि पुऱ्याएर राम्रो नियतले कार्यसम्पादन गरेको छ, आगामी दिनमा अदालतमा कुनै समस्या नआओस् भनेर सूक्ष्मरुपमा प्रमाण जुटाइरहेको छ।' उक्त प्रकरणमा मन्त्रालयका अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रीय अनुसन्धान ब्युरोले छानविन गरिरहेको छ।

सरकारले व्यक्तिको नाममा रहेको दुई हजार ८२९ वर्गमिटर जग्गा आफ्नो नाममा फिर्ता ल्याएको छ। देशका विभिन्न स्थानमा फरकफरक समयमा व्यक्तिका नाममा दर्ता भएका सरकारी, सार्वजनिक र गुठी जग्गा तथा जमिन मन्त्रालयले फिर्ता ल्याएको हो। सरकारले ऐतिहासिक सम्पदास्थल, विभिन्न मन्दिर तथा धार्मिक गतिविधि सञ्चालनका लागि गठन गरिएका गुठीअन्तर्गत रही हराएका तथा अन्य अतिक्रमित जग्गाको पनि खोजी गरिरहेको छ। मन्त्री अर्यालले सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग, २०७६ को प्रतिवेदनमा सरकारको नाममा जग्गा कायम गर्ने तथा गुठी कायम गर्नेसम्बन्धी काम अगाडि बढाइएको जानकारी दिए।

सरकारले भूमिहीन, सुकुम्बासी अव्यवस्थित बसोबासीका समस्या सधैंका लागि समाधान गर्ने गरी तर्जुमा गरेको भूमिसम्बन्धी ऐन (आठौँ संशोधन) राष्ट्रपति कार्यालयमा प्रमाणीकरणका लागि तयारी गरिएको जानकारी दिएको छ। भूमिहीनलाई भूमिमा पहुँच स्थापना गरी सामाजिक न्याय कायम गर्ने गरी निर्माण गरिएको उक्त ऐन प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनबाट पारित भइसकेको छ।

एकीकृत भूमि ऐनको तर्जुमा कार्य प्रारम्भ भएको, भूमिसम्बन्धी नियमावली (अठारौँ संशोधन)को मस्यौदा तयार भएको, भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी नियमावली संशोधन भएको जानकारी दिइएको छ। भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउन निर्देशिकाको मस्यौदा तयार गरिएको छ।



भूमिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चित गर्ने, व्यवस्थित भू-उपयोग कार्यक्रम लागू गर्ने, कृषियोग्य जग्गाको संरक्षण र व्यवस्थित आवास सुनिश्चित गर्ने गरी भू-उपयोग ऐन, २०७६ स्वीकृत भएको बताइएको छ। राष्ट्रिय भूमि नीति, २०७५ जारी भएको कार्यलाई उपलब्धिका रुपमा लिइएको छ।

मन्त्रालयले सहकारी नियमावली, २०७५ जारी गरी सहकारी संस्थाको सघन अनुगमन कार्यविधि, साधारणसभा सञ्चालन कार्यविधि, स्थिरीकरण कोषसम्बन्धी कार्यविधि स्वीकृत, सहकारी संस्था एकीकरण कार्यविधि, सहकारी प्रवर्द्धन कोषसम्बन्धी कार्यविधिको मस्यौदा तयार गरेको छ। सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ लागू गरिएको छ। सहकारी संस्थाको वचत तथा ऋण परिचालनसम्बन्धी ऐन तर्जुमा कार्य प्रारम्भ भएको मस्यौदा तयार गरिएको छ। अन्तर सहकारी कारोवारसम्बन्धी कार्यविधिको मस्यौदा तयार गरिएको छ।

सहकारी क्षेत्रमा ३४ हजार ५१२ प्रारम्भिक सहकारी संस्था रहेकामा करिब २९ हजार सहकारी संस्था र व्यवस्थापन प्रणाली स्थानीय तह एवं प्रदेश सरकारमा हस्तान्तरण गरिएको छ। कृषकका उत्पादित वस्तुलाई सुरक्षितरुपमा भण्डारण गर्न २४ वटा सङ्कलन केन्द्र निर्माण गरिएको छ भने २४ वटा केन्द्र निर्माणाधीन छन्।

भूमि व्यवस्थापनतर्फ करिब ३० लाख जग्गा धनीको करिब दुई करोड ५० लाख कित्ता जग्गाको अभिलेख डिजिटल प्रणालीमा आधारित अनलाइन सेवामा सुरक्षित हुने र कारोवारमा शुद्धता वृद्धि हुने गरी हालसम्म १०८ वटा मालपोत कार्यालयमा आधुनिक प्रविधिबाट सेवा उपलब्ध गराइएको छ। जग्गासम्बन्धी सेवा प्रवाहमा नागरिकको प्रत्यक्ष पहुँच वृद्धि हुने गरी ११ कार्यालयका सेवा प्रवाहमा सरलीकरण गरिएको छ। कार्यालयको काम कारवाहीको प्रत्यक्ष निगरानी गर्न सकिने गरी २० वटा मालपोत कार्यालयमा क्यामरा जडान गरिएको छ।

त्यसैगरी ११ वटा मालपोत कार्यालयलाई आधुनिक प्रविधियुक्त कार्यालय (नमूना कार्यालय) का रुपमा विकसित गरिएको छ भने साविकमा मालपोत कार्यालयबाट प्रचलनमा ल्याएका ठूला आकारको लिखत फारमलाई सरलीकरण गरी 'ए फोर' साइजको बनाइएको छ। गाउँब्लक र विशेष नापी गरी करिब २६ हजार १७७ हेक्टर पुनःनापी सम्पन्न गरिएको छ भने ५३२ स्थानीय तहको भू-उपयोग नक्सा डाटा तयार गरिएको छ। त्यस्तै ३६९ स्थानीय तहको नक्सा डाटा हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ। त्यसैगरी नेपाल तथा चीन सरकारबीच समझदारीपत्रमा हस्ताक्षर गरी आगामी पाँच वर्षका लागि निःशुल्क भू-उपग्रह चित्र (स्याटलाइट इमेज) प्राप्त हुने व्यवस्था मिलाइएको छ।

# साइबर प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

**इमरान खान/मध्यान्ह**
काठमाडौं, १३ माघ

चाइल्ड सेफ नेटको आयोजनामा रेड सर्कल तथा डिजिटल ब्रोडकास्टिङ इन्सेटिभ इक्वएल एक्सेसको सहकार्यमा २३ जनवरी देखी सञ्चालन गरेको बालबालिका तथा युवाहरुको लागी साइबर सुरक्षा सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम आइतबार सम्पन्न भएको छ।

काठमाडौं उपत्यका तथा बाहिरका गरी २० जना व्यक्तिहरुलाई अन्लाईन सिस्टमबाट छनोट गरी उक्त ४ दिवसीय कार्यक्रम सञ्चालन गरेको संस्थाका अध्यक्ष अनिल रघुबंशीले बताए। डिजिटल एज, इन्टरनेट, सामाजिक सञ्जाल, यसको प्रयोग, इन्टरनेटले बालबालिका तथा अन्य व्यक्तिलाई परेको समस्या, इन्टरनेटसम्बन्धी चुनौती तथा जोखिम, कानुनी प्रावधान, हालसम्मको अभ्यास, साईबर सुरक्षा सम्बन्धि ज्ञान सुरक्षित हुने तरीका लगाएतका प्रशिक्षण गराइएको अध्यक्ष रघुवंशीले जानकारी दिए। साथै आगामी फेब्रुअरी ११ मा सुरक्षित इन्टरनेट दिवस समेत मनाउन लागिएको अध्यक्ष रघुवंशीले जानकारी दिए।

अहिले भर्चुअल संसारले समेत ठुलो क्षेत्र ओगटेको बताउँदै संस्थाका उपाध्यक्ष पुष्कर माथेमाले सामान्य हेलचेक्राई तथा अज्ञानताले हामीहरु धेरै जसो साइबर सम्बन्धी समस्यामा परेको हुँदा प्रत्येक नेपालीलाई साइबर सुरक्षाका बारेमा जनचेतना फैलाउने उद्देश्यले संस्था खोलिएको बताए। यो तालिम तेस्रो प्रशिक्षक प्रशिक्षण तालिम रहेको र यो तालिमपछि प्रशिक्षकहरुले बालबालिका नवयुवाको लागी साइबर सुरक्षाबारे तालिम प्रदान गर्ने समेत उपाध्यक्ष माथेमाले जानकारी दिए।

# जुवाखालबाट वडाध्यक्षसहित १६ जना पक्राउ

**कैलाली/मस-** जिल्ला प्रहरी कार्यालय कैलालीले आइतबार राति नेपाली कांग्रेसबाट विजयी वडा अध्यक्ष सहित १६ जुवाडे पक्राउ गरेको छ। धनगढी उपमहानगरपालिका वडा नम्बर ३ मिलन चोक बाट विशेष सूचनाका आधारमा उनि हरुलाइ पक्राउ गरेको हो। गोदावरी नगरपालिका वडा नम्बर १० का अध्यक्ष गुड्डु भनिने रविन्द्र शाही सहितका १६ जनालाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक सुदिप गिरीले वडा अध्यक्ष सहितका १६ जुवाडे पक्राउ गरिएको पुष्टि गरेका छन्। उनीहरुको साथबाट तत्काल २२ लाख ८२ हजार बढि नगद पनि बरामद गरिएको छ।

पक्राउ पर्नेमा रवीन्द्र शाही, धिरेन्द्र चन्द, भुवन कुँवर, तिलक अधिकारी, रमेश खड्का, खेमराज भट्ट, जनक दौल्याल, सन्देश तामाङ, मोहन खड्का, अमित गुरु, प्रेमबहादुर सिंह, सूर्य भट्ट, कालुसिंह धामी, चन्द्रमणि अधिकारी, जयसिंह धामी र मङ्गल ठगुन्ना रहेका प्रहरी उपरीक्षक गिरीले बताए।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhmа@gmail.com




राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# विधेयक सच्चिनुको अर्थ

एक वर्ष लामो छलफल, बहस र विरोध पछि मिडिया काउन्सिल विधेयक राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिबाट अगाडि बढाइएको छ । सोमबार बसेको विधायन समितिको बैठकले सर्वसहमतिबाट विधेयक पारित गर्दै अगाडि बढ्ने निर्णय गरेको हो । विधायन समितिले पठाएको विधेयक अब राष्ट्रियसभा बैठक पुनःप्रस्तुत गरिनेछ । सभाले पनि यो विधयेक अगाडि बढाउने निर्णय गरे, प्रतिनिधिसभा तर्फ अगाडि बढ्नेछ ।

एक वर्ष अगाडि नै राष्ट्रियसभाबाट अगाडि बढाइएको यो विधेयक प्रति नागरिक समाज, राजनीतिक दल, पत्रकार सँग सम्बन्धित संघसंस्थाले तीव्र विरोध जनाएका थिए । मिडिया विधेयकले संविधानको प्रस्तावनामा उल्लेखित व्यवस्थाको सम्मान नगरेको टिप्पणी गरिएको थियो । मिडिया काउन्सिल विधयेक प्रति सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कै नेता, सांसद र जनवर्गीय संस्थाहरूले समेत आपत्ति जनाएका थिए । विशेषगरी मिडिया हाउसलाई कडा कार्बाही गर्न सकिने र पत्रकार जेल जानसक्ने सम्मको व्यवस्था विधयेकमा ल्याइएको भन्दै विरोध गरिएको थियो । विधयेक पारित भए मिडिया हाउसहरू बन्द हुने र पत्रकारहरूले स्वतन्त्र रूपमा समाचार लेख्न नसकिने विश्लेषण गरिएको थियो ।

तर, सोमबार राष्ट्रियसभाको विधायन समितिबाट संशोधन सहित अगाडि बढाएको विधेयकले दण्ड जरिवान हटाउने, मिडिया काउन्सिलको अध्यक्ष हुन सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुन योग्यता पुगेका व्यक्ति वा बरिष्ठ अधिवक्ता अथवा १५ वर्ष निरन्तर पत्रकारिता क्षेत्रमा लागेका व्यक्ति हुनु व्यवस्था गरेको छ । मिडिया काउन्सिलको पदाधिकारी संख्या ११ पुऱ्याउने र सातै प्रदेशबाट प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरिएको छ । यसअघि पत्रकारलाई जेल सजाय गर्नसक्ने अधिकार कटौती गर्दै मिडिया काउन्सिलले मेलमिलाप गराउन पहल गर्ने व्यवस्था गरिएको छ ।

मिडिया काउन्सिल विधयेकले संविधानको प्रस्तावनामै उल्लेख गरिएको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई समेत हेक्का राख्दै संशोधन सहित अगाडि बढाउने निर्णय भएको सरकारी दावी छ । तर, प्रेस काउन्सिल हटाउन नहुने मागको भने सुनुवाई भएको देखिन्न । यसर्थ, अहिलेको संशोधनबारे समेत प्रश्न उठ्ने नै छ । किनभने, ५० वर्षदेखि अस्तित्वमा रहेको प्रेस काउन्सिललाई मिडिया काउन्सिल मार्फत् विस्थापन गर्न खोजिएको छ । यसबारे थप चर्चा होला नै ।

तर, संशोधनका लागि समेत सरकार र राष्ट्रियसभाका सांसदहरू राजी हुनुको अर्थ नागरिकको अभिव्यक्ति स्वतन्त्रता र राज्यको चौंथो अंग मानिने मिडिया क्षेत्रलाई बेवास्ता गरेर सरकार अगाडि बढ्न सक्दैनन भन्ने नै हो । किनभने, पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नेपालमा भएका पटक-पटकका राजनीतिक संघर्षले महत्वपूर्ण उपलब्धी मानेको छ ।

## सामाजिक सञ्जाल




मैले नरोजेका प्राप्ति भन्दा रोजेका अप्राप्तिहरू नै प्रिय छन् । मैले नरोजेका सुखहरू भन्दा रोजेका दुःखहरू नै प्रिय छन् । सायद तृष्णा भएर होला वितृष्णाको अलिकति पनि छनक छैन ।

**- माधव नेपाल**




प्रदेश नं २ को राजधानी जनकपुर कायम गर्ने राजनीतिक सहमतिको स्वागत गर्दछु । राजर्षि जनकको कर्मभूमि र माता जानकीको जन्मभूमि जनकपुर नेपालको गौरव एवं प्राचीन सभ्यताको केन्द्र हो ।

**- कमल थापा**



हजार भन्दा बढी चोर, डाँका, व्यभिचारी, अत्याचारी, नैतिकविहिन, बलात्कारी, भ्रष्टाचारीहरूलाई गरिव दुखी नेपाली जनताले अझै पाल्ने कि फाल्ने ? गफ छाँटेका छन्, हुने न हुने बोलेका छन्, नेपाल र नेपालीहरू सोझा छन् जे भने पनि नेपालीहरू विश्वास गर्छन् । राष्ट्र र राष्ट्रियता विरोधिलाई बहिष्कार गरौं ।

**- पुरूषोत्तम ढुंगेल**



अग्नी सापकोटालाई सभामुखमा निर्बिरोधको सुबिधा दिने कांग्रेस । अनि सभामुख बनेलगत्तै कांग्रेसकै नेतहरूले सापकोटासँग १२ वर्षपछि भेट भएको मीतज्यूसँग जसरी हाँस्दै हात मिलाए । तर सामाजिक सञ्जालका कांग्रेसहरू भने द्वन्द्वकालीन कुरा भिकेर घुमाउने रोग लागेको बाख्राजसरी फन्फनिएर ढल्न खोज्दैछन् ।

**- रञ्जित तामाङ**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com


# अत्यावश्यक तर, पीडादायी निकाय



■ सुदर्शन आचार्य

> विकासको अलिकता भए पनि संकेत देखाउने हो भने नेपालीलाई बिहान-दिउँसो र बेलुकासम्म सारा काम छोडेर लाइनमा राख्ने प्रथाको अन्त्य हुनु जरूरी देखिन्छ । यसको सुरुवात यातायात क्षेत्रबाटै भए जनताले प्रत्यक्ष राहत पाउनेछन् । सास्ती जति खेपेका छन् भने त्यो यातायात क्षेत्रबाट नै हो भन्दा केही फरक पर्ने देखिँदैन ।

सरकारमा रहने स्थायी वा राजनीतिक नियुक्ति पाएका जो-कोही सरकारी नुन खाएका व्यक्तिले जनतालाई अन्याय गर्दै आइरहेको इतिहास विगतदेखि वर्तमानसम्म अद्यावधिक छँदै छ । जुनसुकै अड्डामा जाँदा पनि राजा र रैतीका रूपमा व्यवहार गरिरहेको पाइन्छ । सुधारका निर्देशन आइ नै रहेका हुन्छन, तर पनि डुंगा तर्दैछ पाइला मेट्दैछ भनेझैं भएको छ । सरकार नीतिनियमहरू बनाउँदै जान्छ, कार्यान्वयनको जिम्मा पाएको स्थायी सरकार भन्न रुचाउनेहरूले आफैंले नियमको पालना नगर्दा पनि कसैले उनीहरूमाथि कारबाही गर्न आँट गरिरहेको हुन्न । सानादेखि ठूला भन्ने अड्डाहरूमा हुने ढिलासुस्तीलाई कसैले पनि उजुरीको विषय बनाउन सकेको छैन । उजुरी र विरोध गरिहाले उनीहरू सबैको आँखामा बिझाउने कसिंगर बन्छन् । संस्कार र सभ्यता सिकाउन खोज्नेले पहिले आफैंबाट सुरु गर्नुपर्छ भन्ने आख्यानलाई बिर्सिदिन्छन् । यस्ता समस्या समाधानका लागि आवाज उठाउने हो भने वा सेवाग्राहीले अधिकार खोज्दा कर्मचारीले आफूलाई अपमान गरेको महसुस गरी उल्टै सेवाग्राहीमाथि नै जाइलाग्ने चलन छ । यो अख्तियार दुरुपयोगको महामारी निजी स्तरका कम्पनीमा पनि एउटा रोगका रूपमा सरेको देखिन्छ । प्राइभेट कम्पनी खुलाएर सम्बन्धित निकायसँग सीवकृति लिएर सञ्चालनमा रहेको भए तापनि सुरु-सुरुमा कामको गतिलाई तीव्र र स्वस्थकर बनाएर विश्वास बटुल्न सफल बन्छन् । जब आफू मजबुत बन्छन् अनि सरकारी संयन्त्रझैं ढिलासुस्तीको जग बस्न सुरु भइहाल्छ । साथीभाइको हातेमालो र खुसामतलाई नै प्रमुख रूपमा प्राथमिकता दिने चलनले राज्यका हरेक अंगमा भ्रष्टाचारको गन्ध मन्दमन्द गतिमा चलेर कहींकहीं त अत्यन्त दुर्घन्धित नै भएर गन्हाउन थालिसकेको पाइन्छ । त्यही गन्ध हाल आएर महामारीको रूप धारण गरी कोही-कोही भने बाध्यले पनि अँध्यारो परिधिमा कोचिएर बस्न विवश छन् ।

प्राथमिक तहमा जे स्कुलिङ गरिन्छ अति उच्च शिक्षामा समेत त्यसको प्रभाव परि नै रहेको हुन्छ । नागरिकलाई रैति र कर्मचारीलाई मालिक मान्ने यो उल्टो चलनलाई सरकारले गम्भीरतापूर्वक लिन सकेको छैन । जनप्रतिनिधिलाई आँखामा छारो हालेर गरिने कर्मचारीको त्रुटिले समाज र देशलाई आक्रान्त पारिरहेको छ । नीति र नियम बनाएर कार्यान्वयन गरे/नगरेको अनुगमन गर्ने शक्ति नभएर पनि मात्तिएको साँढेझैं भएका छन् । दोष अरूलाई थोपर्न र पदक, मान, सम्मान आफूमा सार्न पद ओगटेर बसेका कर्मचारीहरूमा अरूलाई अपमान गर्दै आफूलाई आदर्शवान् बन्ने एक नशा नै लागेजस्तो देखिन्छ ।

देश विकासमा देखिएको ढिलासुस्ती र जनताप्रति देखाउन नसकेको सद्भावले गणतन्त्रमा नै प्रश्न उठ्ने गरेको छ । सच्चिनुपर्ने ठूलादेखि हो तर सानाबाट सच्चिए पनि हुने हो भन्दाभन्दै केवल आफन्तको बचाउ गर्दागर्दै जनप्रतिनिधिको समय अन्त्य भएको हुन्छ । स-साना कामले जनताबीच प्रत्यक्ष लाभको महसुस गराउन सकिने सिद्धान्तको महसुस हुँदाहुँदै पनि अघिल्लो पालाको संस्कारले परिवर्तन हुन सकिरहेको देखिन्न । तिनै आमजनताका काम नगरिदिनाले वा ढिलासुस्ती गरिदिनाले सरकारको लोकप्रियतामा आँच आइरहेको हुन्छ । त्यस्ता विषयवस्तु हरेक निकायमा देखिएका छन् । सानातिना सामान चोरी गर्नेले भोलि ठूला-ठूला सामान चोरी नगर्ला भन्न सकिन्न भनेजस्तै ग्रामीण निकायमा काम गर्दै आएका जिम्मेवार निकायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्तिगत लाभ लिएको छ भने त्यहींबाट भ्रष्टाचार र ढिलासुस्तीको सुरुवात मान्न सकिन्छ ।

बाहिरी र चल्तीका ठाउँमा सडक रातारात पिच गरेर सरकारका जिम्मेवार व्यक्तिको आँखामा छारो हालेजस्तै गाउँगाउँमा विकासको गफ गएका छन् तर काम भने प्रायः शून्य नै छ । सहरमा झिलिमिली भएर मात्र विकास ठाने त के भन्नु तर गाउँघरमा भने बिजुलीबत्ती छिनछिनमा गइराख्ने कारण सम्बन्धित निकायले मतलबै नगरेको ग्राहकहरूको दाबी सुन्नमा आउँछ । कहीं पोल ढलेर करेन्ट लाग्दा नागरिकले जीवन आहुती दिनुपरेको छ भने बत्ती आउने-जाने गरिरहनाले हुने विद्युतिय उपकरणको क्षतिको जिम्मेवार को रहने, यसको सूचना जनसमक्ष सरकारले दिएको छैन । सडक कैयौं दिन भ्वाङ पर्दा पनि सडक विभागले देख्दैन र देखिहाले पनि टेन्डर गरेर आफ्नो बलियो कमिसन आउने निकायले जिम्मा नलिएसम्म पुनर्निर्माणका लागि रकमको निकासा गर्न रुचाउँदैन ।

सरकारी काम भनेपछि हाम्रो सम्पत्तिहो र यसको रखबारी हामीले नै गर्नुपर्छ भन्ने कर्मचारीहरूको अभाव खड्किएजस्तै लाग्छ । राज्यले आत्मनिर्भर बनाउन नसकेर पनि कर्मचारीमा सुस्तपन मौलाएको हुन पनि सक्छ । सरकारी कर्मचारीलाई राज्यले काममा लगाएर उनीहरूको घरपरिवारको जिम्मा पनि सरकारले नै लिइदिने कानुनको आवश्यकता परेको महसुस भएको छ । विकासको अलिकता भए पनि संकेत देखाउने हो भने नेपालीलाई बिहान-दिउँसो र बेलुकासम्म सारा काम छोडेर लाइनमा राख्ने प्रथाको अन्त्य हुनु जरुरी देखिन्छ । यसको सुरुवात यातायात क्षेत्रबाटै भए जनताले प्रत्यक्ष राहत पाउनेछन् । सास्ती जति खेपेका छन् भने त्यो यातायात क्षेत्रबाट नै हो भन्दा केही फरक पर्ने देखिँदैन । विद्यार्थीलाई सहुलियत भाडादरमा लैजान केही गाडीको किचकिच, वृद्ध-वृद्धालाई एक रुपैयाँ पनि नपुग भए गाडीबाटै बीच बाटोमा झारेर जथाभावी गाली-बेइज्जती हुनुपर्ने, ४ किमिबराबर रु. १४।- सरकारले तोकेको भाडादर भए पनि १,२,३,४ कि.मि. जति यात्रा गरेर झर्दा रु. १५।- दिनुपर्ने, फिर्ता माग्दा चानचुन पैसा हुँदैन ।

ट्याक्सी चढ्नासाथ रु. १४।- तिर्नुपर्ने यो कस्तो नियम बनेको छ, कसैले ठम्याउन सकेको छैन । ट्याक्सीमा किन सिन्डिकेट कायम गराइएको छ, कसैलाई थाहा छैन । खुला रूपमा ट्याक्सीको नयाँ दर्ता खुलाइदिने हो भने प्रतिस्पर्धापश्चात् मात्र भाडादरमा कमी भइ गन्हाउने र थोत्रो ट्याक्सीमा यात्रा गर्नुपर्ने स्थितिको अन्त्य हुने थियो कि भन्ने सर्वसाधारणको गुनासोको सुनवाइ सरकारले कहिल्यै सुन्न सकेन । कि ट्याक्सीमा पैसा हुनेले मात्र चढ अन्यथा सर्वसाधारणका लागि होइन भनेर ठाउँठाउँमा होर्डिङ बोर्ड सरकारले नै लगाउनुपर्छ ।

नागरिकले बुझ्न नसकेको र सरकारले यस विषयमा जवाफ नदिएको प्रसंग हो पटके । यात्रुवाहक बसहरूको त लामो तथा छोटो दूरीमा चल्ने गरी रुट कायम गरिएको हुन्छ । फरक रुटमा जाँदा पटके काटेर विशेष राजस्व तिर्नुपर्छ । तर, ट्याक्सी एउटै अञ्चलमा जाँदा पनि यो केको पटके तिर्नुपर्ने हो ? यो नियम त मल्ल राजाको पालामा बनेको बाइसे-चौबीसे राज्यको अवधारणासँग ठ्याक्कै मेल खाएको छ जस्तो लाग्छ । राज्य विभाजनको स्वरूपको नमुना अझै सरकारले कायम राख्न खोजेको हो या दोहोरो कर असुल्दा पनि जनता चुप लागेर हो, यो विषय अन्योलमै छ । प्रत्येक चार-चार वर्षमा रुट परमिट र सवारी कर बर्सेनि तिर्दा पनि दोस्रो कर किन असुल हुन्छ, यो आवाज व्यवसायीहरूको छ । पटके लिंदा पनि नबुझिने अक्षरमा अंक बढाएर पैसा असुल्ने गरेको ट्याक्सी चालकहरूको गुनासो छ । कति किमिबराबर कति रकम भनेर सार्वजनिक स्थानमा सूचना टाँस गरिएको छैन, जसका कारण राति अतिरिक्त समयमा जाने गाडीले अन्योल खेप्नुपरिरहेको कुराको पनि यातायात अधिकारकर्मीको गुनासो रहेको छ । यता २०४८ सालदेखि ७ सय ९६ (८ सय) सिसीको ट्याक्सी सञ्चालनमा आएकोमा हालमात्र आएर सरकारले १२ सय सिसीको मात्र ट्याक्सी दर्ता गर्नु भन्ने निर्देशन पाएर यातायात व्यवस्था विभागले सम्पूर्ण यातायात कार्यालयलाई पत्राचार गरिसकेको छ । अब पुराना तथा २० वर्ष नाघिसकेको र स्क्र्याच गरेर पुरानो नम्बर हाल्न पनि कम्तीमा १२ सय सिसीको गाडी अनिवार्य हुने निर्देशन आएबाट एक कदम सरकारको स्वागतयोग्य काम बनेको छ । अब यससँगसँगै पटके कर प्रदेशपिच्छे लाग्ने र नयाँ ट्याक्सी दर्ता खुला गरिदिने हो भने सरकारको यातायात ट्याक्सी उपभोक्तातर्फको गुनासो पनि कम हुँदै जाने थियो ।

सरकारले थेग्नै नसकेको अर्को समस्या भनेको लाइसेन्सको नवीकरण गर्न नसकेको समस्या हो । सरकारी नियमले जनतालाई ९० दिनभन्दा १ दिन मात्र बढी म्याद नाघे पनि सेवाग्राहीसँग झ्याप्प जरिवाना लिने तर लाइसेन्स बनाउन भनेर असुलेको पैसाले १ वर्षभन्दा बढी नाघे पनि लाइसेन्स नदिँदा जनतालाई ढिलासुस्तीको क्षतिपूर्ति दिनु नपर्ने ? सम्बन्धित निकायमा लाइसेन्स आए-नआएको सोध्न जाँदा पनि हान्ने साढेले जस्तो अनुहार लाएर हप्काउने प्रणालीले सेवाग्राही आजित भइसकेको कुरा यातायात कार्यालय परिसरमा जानासाथ देखिने गरेको छ । योभन्दा त बरु पहिलेकै प्रणालीले लाइसेन्स पाए खुसी हुने जनगुनासो आउन थालेकाले घाँटी हेरी हाड निल्नु भनेजस्तै आफ्नो काबुभन्दा बाहिरको कामको लोभ देखाएर जनताको पैसा असुल्नु व्यावहारिक हुन्न कि ? यहाँ सरकारले जनतालाई कानुनी राज सिकाउला भन्दाभन्दै जनताले नै सिकाइदिनुपर्ने अवस्था आएकाले जनता ठूला कि सरकार ठूलो त भन्ने विषयको जनमत राख्नुपर्ने अवस्था आमसेवाग्राहीको आएको छ ।

# नेपालमा औद्योगिक विकास

**औद्योगिक नीति, २०४९ ले मार्गनिर्देश गरेअनुसार नै औद्योगिक व्यवसाय ऐन, २०४९ ले औद्योगिक विकासलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन उद्योगहरूको प्रमाणीकरण, वर्गीकरण र नीतिहरूलाई आयकर, बिक्रीकर तथा अन्तःशुल्कमा छुट तथा सुविधा गराउने कानुनको आधार तयार पारी उद्योगहरू फस्टाउने कार्यमा सहयोग गरेको थियो ।**



सुवास देवकोटा

समृद्ध नेपाल सुखी नेपालीको नारासहित वर्तमान सरकारले औद्योगिक विकासका लागि बढावा दिने उद्देश्य राखेको छ । नेपालको वर्तमान परिप्रेक्ष्यमा हाम्रो औद्योगिक विकासको स्थितिमा उल्लेखनीय प्रगति हुन सकेको छैन । हाम्रो छिमेकी मुलुक भारत र चीनसँगै विश्वजगत्का धेरै मुलुकमा तीव्र गतिको औद्योगिक विकासले गर्दा आफ्नो अर्थतन्त्रमा एकपछि अर्के इतिहास रच्दै छन्, तर नेपालमा इतिहासको विभिन्न कालखण्डसँगै देशले अनेकौं समस्यासँग जुध्दै थोरै-थोरै मात्रामा मात्रै औद्योगिक विकास गरेको पाइन्छ ।

नेपालको औद्योगिक विकासका लागि विद्यमान परिवेशमा विगतमा भएका गल्ती-कमजोरीहरूलाई सच्याउँदै द्रुत गतिमा औद्यौगिक विकास गर्दै दैशको आर्थिक नीति तथा औद्योगिक नीतिहरू नै समयानुकूल नीतिगत रूपमा सुधार गर्दै कार्यान्वयन पक्षमा जोड दिनुपर्ने आएकै छ । यसर्थ देशमा आर्थिक समृद्धि हुनका लागि औद्योगिक क्रियाकलापहरूमा बढावा हुने र व्यापक मात्रामा रोजगारीका अवसरहरू सिर्जना हुने र समग्र जनताको आयस्तरमा वृद्धि हुने खालका प्रयास र कार्यक्रमहरू ल्याउनु आवश्यक देखिन्छ ।

विगतमा नेपालमा औद्योगिक नीति, २०४९ ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सर्वप्रथम कृषिक्षेत्रमा निर्भर अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्नु जरुरी भएकाले औद्योगिक विकास सम्बधित क्रियाकलापहरू त्यसैतर्फ केन्द्रित गरिएको थियो । औद्योगिक नीति, २०४९ ले मार्गनिर्देश गरेअनुसार नै औद्योगिक व्यवसाय ऐन, २०४९ ले औद्योगिक विकासलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन उद्योगहरूको प्रमाणीकरण, वर्गीकरण र नीतिहरूलाई आयकर, बिक्रीकर तथा अन्तःशुल्कमा छुट तथा सुविधा गराउने कानुनको आधार तयार पारी उद्योगहरू फस्टाउने कार्यमा सहयोग गरेको थियो । यसका बाबजुत देशको राजनीतिक परिवर्तन कालखण्ड र अन्य विभिन्न कामले गर्दा ऐनले प्रदान गरेको सुविधा तथा सहुलियतहरूले निरन्तरता पाउन सकेन । यसका बाबजुत औद्योगिक विकासका लागि अन्य आवश्यक सस्थागत, आधारभूत पूर्वाधार सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धी बनाउने पूर्वाधारका सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धा बनाउने प्रयास भने जारी नै रह्यो ।

औद्योगिक विकासलाई प्रभावकारी बनाउन श्रमिकहरूको दक्षता विकास, व्यवस्थापनको कौशल अभिवृद्धि, नवीनतम प्रविधिलाई प्रोत्साहन, क्षेत्रगत लगानीमा बढावा दिने, उद्यमशीलता प्रवर्द्धन गर्न तालिम प्रदान गर्ने, संस्थागत व्यवस्था तथा उद्योगहरूलाई प्रदान गर्ने सेवासुविधाहरूलाई एकै थलोबाट प्रदान गर्ने लगायतका राम्रा प्रयासहरू भएका छन् ।

औद्योगिक विकासका लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासका बाबजुत देशमा औद्योगिक विकासले आशातीत गति लिन नसकेको यथार्थ हाम्रो सामु छर्लङ्ग छ । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १० प्रतिशत पनि पुग्न नसक्नु नै औद्योगिक विकास ज्यादै न्यून छ भन्ने कुराको गतिलो प्रयास हो । देशको अर्थतन्त्र विप्रेषणमा र परम्परागत कृषि प्रणालीमा निर्भर रहेको छ । हाम्रो देशमा औद्योगिक विकासको प्रचुर सम्भावना हुँदाहुदै पनि उपयुक्त व्यवस्थापन क्षमताको इच्छाशक्ति इमानदारिता र सुशासनको अभावले गर्दा आर्थिक विकासमा पछाडि पर्नुपरेको तीतो यथार्थ छ । देशमा उपलब्ध कच्चापदार्थको स्रोत खेर जानु, युवा जनशक्ति वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले देशले आर्थिक समृद्धिको नारालाई सार्थक भइराखेको छैन । नेपाली उद्योगहरूको गुणस्तरमा सुधार, व्यावसायिक कारोबार पारदर्शी एवं बजारको नियमित अध्ययन गर्नुपर्ने सरकारी तवरबाट नेपाली उद्योगको पर्याप्त संरक्षण नरहेको हुँदा सूचना आदान-प्रदान, विदेशी लागानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला आदि विभिन्न औद्योगिक प्रवर्द्धनात्मक कार्यक्रममार्फत नेपाली उद्योगको प्रचार-प्रसार गर्नुपर्ने अवस्था छ । त्यसैले वर्तमान नीतिलाई समयानुकूल परिवर्तन गरी देशमा ठूला उद्योगहरूको स्थापना गराई रोजगारी र उत्पादन बढाउन लघु तथा घरेलु उद्योग बढाई स्वरोजगार सिर्जना गर्ने गरी नेपाली श्रमशक्ति भरपुर उपभोग गरी देशमा औद्योगिक विकास गर्न जरुरी देखिन्छ । उद्योग सञ्चालनका लागि राजनीतिक अस्थिरता, औद्योगिकअनुसार असहज श्रमसबन्ध, ऊर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्न सक्ने क्षमताको कमी, न्यून उत्पादकत्व, कमजोर आपूर्ति व्यवस्थापनजस्ता कुराहरू वर्तमान समयको प्रमुख समस्याका रूपमा रहेका छन् । स्वदेशमै लगानी गरी पुँजीगत तथा बौद्धिक सम्पत्तिको उच्चतम उपभोग उत्पादनमूलक क्षेत्रमा गर्न र मुलुकमै स्वरोजगारका अवसरहरू बढाउन नयाँ विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु राष्ट्रिय चुनौतीका रूपमा रहेको छ ।

नेपाली श्रमशक्ति विदेशी बजारमा आकर्षित हुनु, नेपालमा व्यवस्थापनदेखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव बढ्दै जानु र नेपालमा भएका स्रोतहरू त्यत्तिकै उपभोगविहीन अवस्थामा रहनुका कारणले अहिले पनि नेपालमा लगानीकर्ताहरू ढुक्क भएर लगानी गर्न सकिरहेका छैनन् । यी र यिनै समस्याहरूका अतिरिक्त नेपालको भू-बनावट, बढ्दो व्यापारिक प्रतिस्पर्धा, आर्थिक उदारीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगजस्ता चुनौतीहरूलाई मध्यनजर गर्दै औद्योगिक र व्यापारिक क्रियाकलापहरू सहज र पारदर्शी बनाई देशको बृहत् र विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता हो ।

अन्त्यमा विगतका नीतिगत प्रयासमा समेट्न नसकिएका विषयहरूलाई समावेश गरी उदार र फराकिलो औद्योगिक नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक दोखिन्छ । नेपालले आफ्नो छिमेकी राष्ट्रका उद्योग प्रवर्द्धनका लागि गरिएका असल प्रयास, सुविधा, सहुलियतहरूसमेतलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु वैदेशिक लगानी संरक्षण, प्रोत्साहन गर्न सरकारी क्षेत्रबाटै विशेष कार्यक्रम कार्यान्वयनमा ल्याउनुका साथै उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउने र औद्योगिक जनशक्ति बिकास गर्न कार्यक्रम सञ्चालनमा ल्याउनुपर्छ । यसरी सार्वजनिक, निजी र सरकारी मोडलमा औद्योगिक बिकास गरी निर्यातमूलक उद्योग एक गाउँ एक उत्पादन, पशुपालन, जडिबुटीमा आधारित उद्योग, घरेलु तथा साना उद्योगकोको विकासतर्फ केन्द्रित हुन जरुरत छ ।

# केन्द्रीय कमिटी बैठकको तयारीमा छु : प्रचण्ड




**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू केन्द्रीय कमिटी बैठकको अन्तिम तयारीमा रहेको जानकारी गराएका छन् । नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति महासंघ, नेपालको एकता घोषणा तथा शपथ ग्रहण समारोहमा उनले बुधबारदेखि हुने पार्टीको केन्द्रीय कमिटी बैठकको तयारीमा आफू रहेको बताए । उनले पार्टीको कामको चापले त्यति धेरै तयारी गर्न नपाएको समेत बताए ।

पार्टीको केन्द्रीय कमिटी बैठक यही माघ १५ देखि २० गतेसम्म डाकिएको छ । उनले अझै पनि सबै उत्पीडित वर्ग, जाति, समुदाय, भाषा पूर्णरूपमा मुक्त हुने कुरा बनिनसकेको बताए । 'उत्पीडित समुदाय पूर्णरूपमा मुक्त हुने वातावरण अझै बनेको छैन,' उनले भने, 'एकताबद्ध भई शान्तिपूर्ण रूपले संविधान संशोधनको माध्यमबाट हामीले सोचे खोजे जस्तो मुक्ति हासिल गर्न सक्छौं ।'

संविधानले पनि बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक मुलुक रहेको स्वीकार गरेको उल्लेख गर्दै उनले आदिवासी जनजातिको हक अधिकार, परम्परा, संस्कृति र पहिचानलाई स्थापित गर्ने कुरामा संविधानले नै पहल लिएको धारणा राखे । उनले सबै खालको विभेदको अन्त्य गरी समतामूलक समाजिक न्यायसहित सबैको हकअधिकार स्थापना भएको समाज निर्माण गर्ने बताए ।

अध्यक्ष दाहालले साम्राज्यवाद र सामन्तवादलाई परास्त गरेर युद्ध जित्न अझै एकताबद्ध भएर सामाजिक न्यायका पक्षमा लड्न आवश्यक रहेको धारणा राखे । बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक मुलुक भएकाले विविधतायुक्त मुलुकमा एकता कायम गर्न सबैलाई समान अधिकार दिनुपर्ने उनको भनाइ थियो । शोषण उत्पीडनमा परेका समुदायलाई अगाडि ल्याउने वातावरण नबनाएसम्म समानताको कुरा गर्नु भ्रम मात्र रहेको उनको धारणा थियो ।

जातीय कुरा गर्दा पूँजीवादीले जहिले पनि साम्प्रदायिक विध्वंश फैलाउने र जातिजातिबीच लडाइँ शुरु गर्ने षड्यन्त्रका रूपमा लिँदै आएको र अन्य मुलुकमा त्यस्ता जातीय द्वन्द्व भएका उल्लेख गर्दै उनले कम्युनिष्टले भन्ने गरेको जातीय हकअधिकारको कुरा त्यस्तो नभएको बताए । 'कम्युनिष्टले अगाडि सार्ने गरेको समाजवादी क्रान्ति र जातीय क्रान्तिको कुरालाई साम्राज्यवादीले जातीय सङ्कीर्णता, साम्प्रदायिकता र विद्वेष फैलाउने षडयन्त्रसँग मिलाउने गरेका छन्,' उनले भने, 'आदिवासी जनजाति महासंघले जातीय हकअधिकारको कुरा साम्प्रादिक होइन समानता र मुक्तिको कुरा हो भनेर बुझाउन आवश्यक छ ।'

कार्यक्रममा नेकपामा महासचिव विष्णु पौडेलले पार्टीले सबै उत्पीडित वर्ग र जातिको हकअधिकार र मुक्तिको आन्दोलन गर्दै आएको बताए । उनले जातीय हकअधिकार स्थापित गरेर मुलुकमा समृद्धि ल्याउने बताए ।

सो अवसरमा अध्यक्ष दाहालले नवगठित कार्यसमितिलाई शपथ खुवाएका थिए । तत्कालीन नेकपा (एमाले) को नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ र नेकपा (माओवादी केन्द्र) आदिवासी जनजाति राष्ट्रिय महासंघबीच एकता भई २६१ सदस्यीय आदिवासी जनजाति महासंघ नेपाल बनेको हो ।

# बिष्णुपुर गाउँपालिकाको बजेट प्रस्तुतीकरण

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १३ माघ

सिरहाको बिष्णुपुर गाउँपालिकाद्वारा आर्थिक वर्ष २०७६/०७७ को चौथो संशोधित वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीकरणसम्पन्न भएको छ । प्रस्तुत संशोधित नीति, कार्यक्रम बजेट प्रस्तुतीकरण सम्बन्धित पालिकाका उपाध्यक्ष अरहुला देवी सिंहले वाड नं १ देखि ५ सम्म पक्की सडक, पूल निर्माण, कलभर्ट निर्माण, पोखरी सौन्दर्यीकरण, बजार व्यवस्थापन गर्न ढल निर्माण, सार्वजानिक शौचालय, कृषि सिँचाई, विद्यालय भवन निर्माण, आधारभूत स्वास्थ्य केन्द्र निर्माण, रामजानकी कुटी लक्ष्मीपुर चौकमा धर्मशाला निर्माण, लक्ष्मिनिया दहमा बिष्णुसेवा सदन (समाज) निर्माणका लागि बजेट विनियोजन गरिएको बताइन् ।

त्यस्तै उनले एम्बुलेन्स खरिद, सेफ्टी ट्यांकी खरिद, ट्र्याक्टर खरिद, सामुदायिक भवन निर्माण, पक्की नाला निर्माण, गाउँपालिका भरी विद्युतिकरण, विद्यालयको कम्पाउण्ड वाल निर्माण, विभिन्न पोखरीमा घाट निर्माण, विभिन्न मन्दिर जिर्णोद्वार तथा मर्मतसम्भार, विभिन्न सडक मर्मत, लोकसेवा तयारी कक्षा संचालन, गाउँपालिकाभित्रका महिलाहरुलाई सिलाइकटाई तालिम, लाहचुरा लगायत विभिन्न सीप मूलक तथा जनचेतना मुलक तालिम तथा कक्षा संचालन जस्ता शीर्षकमा आर्थिक वर्ष २०७६र०७७ को संशोधन सहित ३२ करोड ५१ लाख ८५ हजार ४ सय २० रुपैयाँको बजेट विनियोजन गरेको बताइन् ।

उक्त गाउँपालिकामा विगतमा नेकपा र नेपाली कांग्रेसले कुनैपनि कार्यक्रम गर्दा आफूहरुलाई कुनै जानकारी नगराइएको बताउँदै आइएकोमा गाउँपालिका अध्यक्ष जागेश्वर यादवले त्यसको खण्डन गर्दै विकास निर्माणको काममा सबै पार्टी एकजुट भई विकास निर्माणमा सहयोग गर्नुको साथै गाउँपालिकाबाट भइरहेको विकास निर्माणको काममा अनुगमन, निरीक्षणमा समेत सबैलाई आ-आफ्नो स्थानबाट गरीदिन अनुरोध गरेका छन् ।

त्यस्तै कार्यक्रमका प्रमुख अतिथि सिरहा क्षेत्र नं. ३ का संघीय सासंद लिलानाथ श्रेष्ठले विकास निर्माणमा कुनै भेदभाव नगरी लाग्न सबैलाई आग्रह गर्नुको साथै सबै दल एकजुट भएर विकास निर्माणको काममा लागे मात्र विकास सम्भव भएको बताए ।

विष्णुपुर गाउँपालिकाका अध्यक्ष जागेश्वर यादवको अध्यक्षतामा संचालन गरिएको कार्यक्रममा प्रमुख अतिथिमा सिरहा क्षेत्र नं. ३ का संघीय सांसद् लिलानाथ श्रेष्ठ, विशिष्ट अतिथिहरुमा प्रदेश सांसद तथा नेकपाका सिरहा जिल्ला अध्यक्ष राम कुमार यादव, प्रदेश सांसद् तथा नेकपाका सिरहा जिल्ला सचिव प्रमोद यादव, जिल्ला समन्वय समितिका सभापति रामचन्द्र ठाकुर रहेका थिए ।

कार्यक्रममा अतिथिहरु जिल्ला समन्वय समितिका उपसभापति सरोज कुमार यादव, गाउँपालिकाकका प्रमुख प्रशासकीय अधिकृत कमलदेव यादव, तथा जिल्ला समन्वय समितिका सदस्यहरु, वडा नं. १ देखि ५ वटै वडाका वडाअध्यक्षहरु, नेकपाका सत्यनारायण यादव, नेपाली कांग्रेसका रामचन्द्र यादव रहेका रहेका थिए । विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, गाउँपालिकाका कर्मचारी, शिक्षक, विद्यार्थी, स्थानीय बुद्धिजिवी, समाजसेवी, सुरक्षाकर्मी, संचारकर्मीको सहभागितामा कार्यक्रम सम्पन्न भएको बिष्णुपुर गाउँपालिकाका राजश्व शाखा प्रमुख नासु महेन्द्र प्रसाद यादवले बताएका छन् ।

# पाँच हजार छोरी बीमित




**जनकपुर/मस-** प्रदेश सरकारद्वारा सञ्चालित 'बेटी पढाऊ बेटी बचाऊ' अभियानअन्तर्गत छोरी शिक्षा बीमा शिविरमार्फत हालसम्म पाँच हजारभन्दा बढी छोरी बीमित भएका छन् । २०७५ साल माघ १ गतेयता जन्मिएको छोरीलाई प्रदेश सरकारले शिक्षा बीमा गरी दिने घोषणा गरको थियो । सोहीअनुरुप मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै अभियान सञ्चालन गरिए पनि प्रभावकारी हुन नसकेपछि विगत एक वर्षमा जन्मिएका सबै छोरीको बीमा गर्ने उद्देश्यका साथ शिविरमार्फत माघ १० गतेसम्म पाँच हजार ४० छोरीले बीमा गराएका हुन् ।

बीमा गराएकी बालिकाले २० वर्षपछि एकमुष्ट रु एक लाख २५ हजार पाउने कुरा मुख्यमन्त्रीका प्रेस संयोजक आतिश मिश्रले जानकारी दिए । शिविरमार्फत सप्तरीमा ८८८, सिरहामा ६६३, धनुषामा ३४६, महोत्तरी ६४५, सर्लाही ७६८, रौतहट ४६२, बारा ८०५ र पर्सामा ४६३ छोरीले बीमा गराएको छ । बीमाका लागि आवश्यक जन्मदर्ता, स्थानीय तहको सिफारिस, आमा वा बुबामध्ये एकजनाको नागरिकता र बच्चा तथा अभिभावकको ६/६ थान फोटो आवश्यक रहेको हुँदा प्रदेश सरकारले शिविरमार्फत सबै प्रक्रिया पूरा गर्ने गरी व्यवस्था गरेको छ ।

शिविरमा प्रभु बैंकका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा वडा सचिवहरु, फोटोग्राफर एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधिको अनिवार्य उपस्थिति रहने गरेको छ । माघ २ गते मुख्यमन्त्री लालबाबु राउतले पर्साको वीरगञ्जका साथै आठवटै जिल्लामा एकसाथ शुरु गरिएको शिविर फागुन पहिलो सातासम्म प्रत्येक स्थानीय तहमा सञ्चालित रहनेछ ।

शिविर महानगरमा चार, उपमहानगरमा तीन, नगरपालिकामा दुई र गाउँपालिकामा एक दिन सञ्चालन गरिने व्यवस्था छ । साथै शिविरमा बीमा गराउने बालिकाको परिवारले तीन महिनाका लागि सुविसुको फ्री इन्टरनेट सेवासमेत पाइरहेका छन् ।

# जीप दुर्घटनामा एकको मृत्यु, तीन घाइते

**ओखलढुंगा/मस-** ओखलढुङ्गामा सोमबार सवारी दुर्घटना हुँदा एकको मृत्यु भएको छ भने चालकसहित अन्य तीन जना गम्भीर घाइते भएका छन् । चम्पादेवी गाउँपालिका-५ को सिद्धडाँडामा आज बिहान बोलेरो जीप दुर्घटना हुँदा सोही ठाउँका ५५ वर्षीय सन्तोष विश्वकर्माको घटनास्थलमै ज्यान गएको हो ।

गाउँबाट बिरामी लिएर ओखलढुङ्गा सदरमुकामस्थित मिसन अस्पताल आउँदै गरेको बा २१ च ७३६१ नम्बरको बोलेरो आज बिहान ६:३० बजेको समयमा दुर्घटना हुँदा विश्वकर्माको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यलय ओखलढुङ्गाका प्रहरी निरीक्षक श्रीप्रसाद राईले जानकारी दिए । दुर्घटनामा ज्यान गुमाएका विश्वकर्मा आफैं पनि बिरामी थिए । दुर्घटनामा परेर चालक सोही ठाउँका जीतबहादुर बस्नेत, मृतक विश्वकर्माकी छोरी कल्पना र स्थानीय अमिता बुढाथोकी गम्भीर घाइते भएका छन् ।

घाइतेको अवस्था गम्भीर रहेकाले स्थानीयको सहयोगमा प्रहरीले उद्धार गरेर अस्पताल लैजाने तयारी गरेको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ । बोलेरो सिद्धडाँडाबाट करिब ५०० मिटर तल खसेर गोपेखोला पुगी दुर्घटनाग्रस्त भएको छ । साँघुरो सडकका कारण अनियन्त्रित भई बोलेरो दुर्घटना भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।


## मलेशियामा रोजगार | १. कम्पनी : NEXT STATION RESTAURANT, PETALING JAYA

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६०८ LT. No.: 231571

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 6 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SPECIFIC DIMENSION SDN.BHD, PULAU

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६०७ LT. No.: 231816

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constuction Worker | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Damaru Resources Pvt. Ltd.**
Gov. Lic. No. 508/061/062
Gairigaon, Tinkune (Between Annapurnapost and Bajaj Showroom), Kathmandu
Ph: 4112433, 4112438
E-mail: damarure@yahoo.com, damaruresources508@gmail.com, Web: www.damaruhr.com



## कतारमा रोजगार | कम्पनी: FRIENDSHIP INTEGRATED BUSINESS WLL शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६४१ LT. No.: 231716

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 9 | 2 | सम्बन्धित काममा दक्ष | 900 | २७,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forman | 1 | 0 | | 2500 | ७७,७५० | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 1700 | ५२,८७० | | | | | | | |
| 4. | Mason | 3 | 0 | | 1200 | ३७,३२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २२ गते (5 Feb 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Kanchanjunga Overseas Pvt. Ltd.** Govt. Lic. No. 582/062/063
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com



## Saudi मा रोजगार | कम्पनी : LON AL ANTIQUE GENERAL CONTRACTING AND PARTNERS शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९८८८ LT. No.: 230491

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 1 | 0 | स. काममा दक्ष | 1500 | ४५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ गते (4 Feb.. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ४३६४८६५, ४३८९५२२, ४३८९१८८
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## मलेशियामा रोजगारको अवसर | १. कम्पनीः KHT RECYCLE SDN BHD शहरः JOHOR

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०४८७ L.T. No.: 231545

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | User Metal Workers | 3 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१, २२ र २३ गते (4, 5 & 6 Feb. 2020) मा हुनेछ ।

२. कम्पनीः INLAND IMPRESSION SDN.BHD शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६४४ L.T. No.: 230947

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः LIAN GIAP PLANTATION COMPANY SDN BHD शहरः JOHOR

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६४३ L.T. No.: 231579

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Palm Oil/rubber Works | 40 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ देखी २९ गतेसम्म (4 to 12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
सितापाईला, काठमाडौं, नेपाल, फोनः ४२८२५९०, ४२८२०३९, फ्याक्सः ४२८१७१३



## साउदीमा रोजगार | कम्पनी : SARA INTERNATIONAL TRADING AND CONTRACTING COMPANY शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५६४२ LT. No.: 231922

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 3 | 0 | स. काममा दक्ष | 1300 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



## UAE मा रोजगारको अवसर | कम्पनीः DELTA FORCE SECURITY SERVICES LLC शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०४७६ LT. No.: 231667

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 0 | स. काममा दक्ष | 2150 | ६४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २२ गते (5 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**D.N. Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1184/073/074
Tokha-5 Basundhara, Kathmandu, Tel: 4364311, 4386411
Mob.: 9841258042, 9801001921
Email: dnmanpower@gmail.com | Website: www.dngroup.com.np

# 'भ्रष्टाचारजन्य कार्यलाई रोक्नुपर्छ'

**हेटौंडा/मस-** बागमती प्रदेशसभाको सोमबारको बैठकमा प्रदेशभित्र सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ र प्रदेश दूध विकास बार्ड ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७६ को सैद्धान्तिक पक्षमा छलफल सम्पन्न भएको छ ।

उक्त बैठकले ती दुबै विधेयकलाई विभिन्न समितिमा छलफलको लागि पठाउन स्वीकृति प्रदान गरेको छ । प्रदेशसभाका सदस्यले उक्त विधेयकको सैद्धान्तिक पक्षमा सहभागी हुँदै मुलुकमा राजनीतिक स्थायी परिवर्तन गरिए पनि प्रशासनिक क्षेत्रमा रहेका कर्मचारीमा अझ व्यवहारिक, सेवाभाव र जनताप्रति जिम्मेवार हुने भावना विकसित हुन नसकेकोप्रति चिन्ता व्यक्त गरे ।



उनीहरुले प्रदेश सरकारले आफ्नो कार्यसम्पादनमा राखिएको सुशासनको प्रत्याभूति गर्न एवं प्रशासनिक क्षेत्रबाट हुने खरीद प्रक्रियामा भ्रष्टाचारजन्य कार्यलाई रोक्नसक्नुपर्ने राय प्रस्तुत गर्दै जनतालाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक ऐन कानून तर्जुमा गरी लागू गर्नुपर्ने धारणा व्यक्त गरे ।

उनीहरुले प्रदेश सरकारले आफ्नो कार्य क्षेत्रका १३ जिल्लाका जनतालाई राष्ट्रिय गौरवको आयोजनाको छनोटलगायत विकासको पूर्वाधार निर्माणको क्रममा निष्पक्षसाथ बजेटको बाँडफाँड गर्न र स्थलगत रूपमा अनुगमन गरी सुशासन ल्याउने कार्यमा प्रदेश सरकार क्रियाशील हुनुपर्ने धारणा व्यक्त गरे ।

बैठकमा प्रदेशसभाका सदस्यहरुले उठाएको जिज्ञासालाई बागमती प्रदेशका मख्यमन्त्री डोरमणि पौडेलको तर्फबाट आन्तरिक मामिला तथा कानूनमन्त्री शालीकराम जम्मकट्टेलले प्रदेश सरकारले प्रशासनिक क्षेत्रमा कार्यरत उच्चदेखि सबै तहका कर्मचारीलाई जिम्मेवार बनाउँदै जनताप्रति सेवाभावले काम गर्न उत्प्रेरित गरिने बताए ।

मन्त्री जम्मकट्टेलले सरकारले ल्याएको सुशासन प्रत्याभूति गर्ने विधेयकलाई समयानुकुल सुधार गरी जनताको मानवअधिकारको संवर्द्धन, शान्ति सुरक्षाको प्रबर्द्धन गर्दै भ्रष्टाचार निवारण गर्ने कार्यलाई तीव्रता प्रदान गर्ने लक्ष्यकासाथ सरकार अघि बढ्ने विश्वास व्यक्त गरे ।

सो बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दाबादोर्जे लामाले कृषि क्षेत्रमा दूधजन्य पदार्र्थ गुणस्तरीयरुपमा उत्पादन गर्नुका साथै किसानलाई पशुपालनमा आकर्षित गर्न प्रदेशका विभिन्न स्थानमा धुलो दूधको उत्पादन गर्ने उद्योगको स्थापना गर्ने कार्यलाई तीव्रता दिएको बताए ।

बैठकमा प्रदेशसभाका सदस्य क्रमशः मुनु सिग्देल, विजया केसी श्रेष्ठ, शोभा शाक्य, जीवन खड्का, रिता माझी, रजनी अमात्य जोन्छे, रामकुमार अधिकारी, लालकुमारी पुन, सुरेन्द्रराज गोरसाईं, सिर्जना सैजु, रमेश पौडेल, विराजभक्त श्रेष्ठ, जीवन डङ्गोल, ओमबहादुर घलान, बेनीमाया घले, न्हुछेनारायण श्रेष्ठ, रत्नप्रसाद ढकाल, मीना ज्ञवाली र मैना अच्छामीले आ-आफनो धारणा राखे ।

प्रदेशसभाको सोमबारको पहिलो बैठकमा विशेष समयमा बोल्ने प्रदेशसभा सदस्यले पर्यटन वर्षको शुभारम्भ भएको समयमा मकवानपुरको दामनमा भएको अमानवीय दुर्घटनाबाट पर्यटन क्षेत्रमा नकरात्मक असर पुगेकोमा प्रदेश सरकारको ध्यानाकर्षण गर्दै होटलहरुमा मापदण्डअनुसारको रात्रिकालीन बसोवासको लागि व्यवस्था भएनभएको तत्काल अनुगमन गरी नयाँ मापदण्डअनुसार आवश्यक सुविधा उपलब्ध गराउनुपर्ने माग गरे ।

उनीहरुले फागुन ७ गते परम्परागत रुपमा मनाउँदै आएको राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा प्रदेश सरकारले यही वर्षदेखि सार्वजनिक बिदा दिन माग गरे । कानूनमन्त्री जम्मकट्टेलले प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धको विधेयक तथा कृषि, भूमि व्यवस्था र सहकारीमन्त्री लामाले प्रदेशमा दूध विकास बोर्ड ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक छलफलको लागि सो बैठकमा टेबुल गरे । प्रदेशसभाको अर्को बैठक माघ १७ गते शुक्रबार दिउँसो १ बजे बस्नेछ ।

### कांग्रेस संसदीय दल उपनेतामा भँडेल

बागमती प्रदेशसभा नेपाली कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले उक्त संसदीय दलको उपनेतामा भक्तपुर जिल्लाबाट नवनिर्वाचित प्रदेशसभाका सदस्य कृष्णलाल भँडेललाई सोमबार नियुक्त गरेका छन् । नेता बानियाँले केही महिनाअघि उक्त संसदीय दलको मुख्य सचेतकमा राधा घले, उपसचेतकमा छिरिङ दोर्जे लामा र सदस्य सचिवमा निमा लामा र प्रवक्तमा प्रभात तामाङलाई नियुक्त गरेको उनको स्वकीय सचिव मिलन पुडासैनीले जानकारी दिए ।

# एक करोड बढीको सुन बरामद



**रसुवा/मस-** रसुवागढी नाकाबाट अवैध तरिकाले नेपाल भित्र्याइएको सुन सोमबार बरामद गरिएको छ । पाँच टुक्रा बरामद गरिएको सुनको मूल्य रु एक करोड ६० लाख रहेको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले जानकारी दिए ।

सुन ल्याइँदै गरेको सुराकीका आधारमा सीमा प्रहरीचौकी टिमुरेले ना १ ज ३५४२ नंको टाटासुमो जीप खानतलास गरी घट्टेखोलाबाट बरामद गरेको बताइएको छ । साढे दुई केजी सुनमध्ये एक केजी चालकले कम्मरमा बाँधेको र डेढ केजी चालकको सिटमुनि लुकाइएका अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा चालक तुलानारायण श्रेष्ठ, सिन्धुपाल्चोक भोटेकोशीका नवाङनुर्पु तामाङ, ग्याल्जेन शेर्पा, सुब्बा लामा, सुवास तामाङ र साङ शेर्पा रहेको प्रहरी प्रमुख इन्द्रप्रसाद सुवेदीले बताए । अभियुक्तलाई सदरमुकाम ल्याउने तयारी भइरहेको र घटनाबारे मङ्गलबार पत्रकार सम्मेलन गरिने जनाइएको छ ।

# गोसाईंकुण्ड पदयात्रामा हराएका दुई युवाको शव भेट्टियो

**बेत्रावती/मस-** नुवाकोटको दुप्चेश्वर गाउँपालिका-१ घ्याङफेदीबाट हराएका दुई युवाको शव सोमबार भेट्टिएको छ। गोसाइँकुण्ड पदयात्रामा जाने क्रममा गत माघ ३ गते हराएका सिन्धुपाल्चोक हेलम्बुका १७ वर्षका वाङ्गेल तामाङ र काठमाडौं जोरपाटीका २० वर्षीय जापान तामाङ हिउँमा पुरिएर मृत्यु भएको अवस्थामा भेट्टिएको गाउँपालिकाका अध्यक्ष योविन्द्रसिंह तामाङले जानकारी दिए ।

उनका अनुसार हराएका व्यक्तिको खोजीका लागि गाउँपालिकामार्फत परिचालन गरिएको पर्यटक गाइडसमेत रहनुभएका तादी गाउँपालिका-१ उर्लेनीका लालबहादुर तामाङ नेतृत्वको उद्धारकर्मीको समूहले शव भेट्टाएको हो ।

हराएका युवाको खोजीका लागि गाउँपालिका, प्रहरी, स्थानीयवासी एवं आफन्तले हेलिकोप्टरको समेत प्रयोग गरे पनि अवस्था थाहा हुन सकेको थिएन । उनीहरुको खोजीका लागि गाउँपालिकाले रु एक लाख उपलब्ध गराउने जनाएपछि परिचालन भएकामध्ये लालबहादुर तामाङको नेतृत्वमा रहेको उद्धारकर्मीको समूहले फेदीको खोँचस्थित हिउँमा पुरिएको अवस्थामा दुवै जनाको शव बरामद गरेको हो । शव परीक्षणका लागि हेलिकोप्टरमार्फत काठमाडौं पठाउन लागिएको जिल्ला प्रहरी प्रमुख अविनारायण काफ्लेले जानकारी दिए ।

# भकुण्डे खानेपानीबाट साढे तीन हजार व्यक्ति लाभान्वित



**लमजुङ/रासस-** लमजुङ बेंसीशहर नगरपालिका-२ स्थित भकुण्डे खानेपानी आयोजनाको पानीले भकुण्डेका तीन सयभन्दा बढी घरधुरीका तीन हजार नागरिक लाभान्वित भएका छन् । भकुण्डे खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले उक्त आयोजना निर्माण सम्पन्न गरी आजदेखि पानी वितरण गर्न थालेपछि उनीहरु लाभान्वित भएका हुन् ।

करीब रु दुई करोड ५९ लाखको लागतमा ५० हजार लिटर, एक लाख लिटर र दुई लाख गरी कूल साढे तीन लाख लिटरको ट्याङ्की निर्माण गरेर खानेपानी वितरण गरिएको समितिका अध्यक्ष गोविन्द खड्काले बताए । आर्थिक वर्ष २०७४/७५ को बजेटबाट बेंसीशहर नगरपालिकाले रु १० लाख, मानवीय सेवा तथा अन्तर सांस्कृतिक आदानप्रदान केन्द्र (च्वाइस) नेपाल नामक संस्थाले रु एक करोड २९ लाख ५० हजार र स्थानीय उपभोक्ताले नगद रु ३० लाख आर्थिक सहयोग र स्थानीय श्रमदानबाट सो आयोजना निर्माण भएको समितिका अध्यक्ष खड्काले जानकारी दिए ।

वडाध्यक्ष गणेश कँडेलले भने, 'विगतमा स्थानीयवासीले सार्वजनिक धाराको पानी खानुपर्ने बाध्यता थियो ।' एउटा धारो त्यसमाथि गाउँलेहरुले पालैपालो लाइनमा बसेर पानी भर्नुपर्दा धेरै समय लाग्ने गर्दा विभिन्न समस्या हुने गरेको उनको भनाइ छ ।

सो आयोजनाबाट घरघरमा धाराबाट पानी झर्न थालेपछि स्थानीयवासी हर्षित भएका छन् । सरकारले अघि बढाएको 'एक घर एक धारा' अभियानलाई आयोजनाले सहयोग पुऱ्याएको समितिले जनाएको छ । समितिका अनुसार खानेपानी ट्याङ्कीबाट सात सय मिटर टाढा रहेको नगरको वडा नं २ र ३ को बीचमा पर्ने झुम्रीखेत नजिकैको विभिन्न पाँचवटा पानीको मुहानबाट खानेपानी ल्याइएको छ ।

आयोजनाबाट भकुण्डे, बगालेगाउँ, खत्रीगाउँ, कटहरे, धुपिचौर, थुम्का, ज्यामिरे, आरुवोटे, डाँडाथोकका तीन हजार स्थानीय प्रत्यक्ष लाभान्वित भएको समितिले जनाएको छ । त्यस्तै वडाभित्र रहेको दुईवटा विद्यालयका करीब एक हजार ६ जना विद्यार्थीसमेत लाभान्वित भएका छन् ।


**Invitation for Bids**

**Udayapurgadi Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Udayapurgadi, Udayapur**
**Province No.1, Nepal**

visit nepal 2020 Lifetime Experiences

**Invitation for Bids for the Construction of Below Mentioned Works**

**Contract Identification No: As per following Table**
**Date of publication: 13/10/2076**

1. Udayapurgadhi Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of Udayapurgadhi Rural Municipality Official Quatar House under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 99,45,039.57 (without VAT) Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Udayapurgadhi Rural Municipality, Udayapurgadhi, Tel. No.: 9852835278, 9843580634, 9842578865.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Udayapurgadhi Rural Municipality, Udayapur or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Udayapurgadhi Rural Municipality, Udayapurgadhi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3,000.00 till 13/11/2076 during office hours.

   **Or**

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Rastriya Banijya Bank
   **Name of Office** : Udayapurgadhi Rural Municipality
   **Office Account No.** : 2090303007103
4. Sealed or electronic bids must be submitted to the office Udayapurgadhi Rural Municipality, Udayapurgadhi through PPMO website www.bolpatra.gov.np/egp or before 12 hours on 14/11/2076. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14 hours on 14/11/2076 at the office of Udayapurgadhi Rural Municipality, Udayapurgadhi, Udayapur.
6. Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 2,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Account No. 2090303007103 at Rastriya Banijya Bank and submit the receipt of deposited amount of the cash along with the Bid at the office of Udayapurgadi Rural Municipality, Udayapurgadhi, Udayapur.
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

NICE OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np



कतारको बहुप्रतिष्ठित Chain Restaurant मा महिला र पुरुषलाई रोजगार

IFC International Food Concepts Company | chili's | Macaroni Grill | LENÔTRE | ROGER'S | Dunia

कम्पनी : INTERNATIONAL FOOD CONCEPTS COMPANY CO W.L.L. शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/०८/१३ | चलानी नं.: ६०१४७२३१ | L.T. No.: 228094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 17 | 5 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 1 | 0 | | 1500 | ४६,६६५ | | | | | | | |

यसै कम्पनीको लागि Culinary Supervisors र Ladies (Servers/Hostess) हरूको पनि माग भै आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क राख्नुहोला।

अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनु पर्नेछ। उमेर २२ वर्ष पुरा भई ३२ वर्ष ननाघेको हुनुपर्नेछ। कम्तीमा २ वर्ष गल्फ देशहरुमा होटल, रेष्टुरेन्ट, क्याटरिङमा काम गरेको अनुभव हुनुपर्नेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ र २२ गते (3 & 4 Feb. 2019) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ५९०४०५८, ५९०३५४३, मो.: ९८४०२३२४९२, ९८१३७३७३६७, ९८६५५५५३५७
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com



कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA CLADDING SOLUTIONS FACTORY WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/१३ | चलानी नं.: ६०१५०५९७ | LT. No.: 231919

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 3 | 0 | | 900 | २७,९९० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३५१७३२, ४३६५८२६, फ्याक्स: ४३६४५७३,, मो.: ९८०१२२४१७९
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

# मच्छिन्द्र लिगको शीर्ष स्थानमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ



शहीद स्मारक 'ए' डिभिजन लिगमा मछिन्द्र क्लब शीर्ष स्थानमा उक्लिएको छ । सोमबार थ्रीस्टारलाई २-० गोल अन्तरले पराजित गर्दै तालिकाको शीर्ष स्थानमा उक्लिएको हो ।

मच्छिन्द्रका लागि रेजिन सुब्बा र विशाल राईले एक एक गोल गरेका थिए ।

१३औं मिनेटमा रन्जित धिमालको फ्रिकिकलाई थ्री स्टारका गोलरक्षक प्रिसोले सहजै नियन्त्रणमा लिएका थिए । लगत्तै थ्री स्टारका अशोक खवासको क्रसमा हम्जातको हेडर पोस्टबाट बाहिरिएको थियो । ३३औं मिनेटमा आन्द्रियस नियाको प्रहार पनि बहिरिदा थ्रीस्टारले अग्रता बनाउने अवसर गुमायो । तर ३८औं मिनेटमा रेजिन सुब्बाले गोल गर्दै मछिन्द्रलाई शुरुआती अग्रता दिलाएका थिए ।

पहिलो हाफमा १ गोल गरेको मछिन्द्रले दोस्रो हाफमा १ गोल थपेको थियो ।

७८औं मिनेटमा निसान खड्काको फ्रिकिकमा हम्जातको हेडर बाहिरिदा थ्रीस्टार बराबरी गर्न असफल भएको थियो । ८५औं मिनेटमा सन्जोक राईको प्रहारलाई डिफेन्डरले क्लियर गरिदिए ।

मछिन्द्रका लागि खेलको ९० औं मिनेटमा विशाल राईले टिमका लागि दोस्रो गोल थपेका थिए । बिजय धिमालको क्रसमा एडिलाजा सोमिडेले नभेटेको बललाई थ्रीस्टारका डिफेन्डरले राम्ररी क्लियर गर्न नसक्दा विशालले जाली चुमाएका थिए ।

जितसँगै मच्छिन्द्र त्रिभुवन आर्मी क्लबलाई पछि पारेर लिगको शीर्ष स्थानमा उक्लेको छ । मच्छिन्द्रले हालसम्म नौ खेलमा छ मा जित, दुईमा हार तथा एक खेलमा बराबरी खेल्दै १९ अंकका साथ शीर्ष स्थानमा पुगेको हो । यस्तै थ्री स्टार नौ खेलमा चारमा जित, दुईमा हार तथा तीन खेलमा बराबरी खेल्दै १४ अंकसहित चौथो स्थानमा छ ।

यस्तै सोमबार नै भएको पहिलो खेलमा नेपाल पुलिस क्लब विजयी भयो । पुलिसले सशस्त्र प्रहरी बल-एपिएफ क्लबलाई १-० गोल अन्तरले पराजित गरेको हो ।

पुलिसको जित कप्तान भोलानाथ सिलवाल नायक बने । उनले खेलको १३ औं मिनेटमा गरेको एक गोल नै पुलिसको लागि निर्णायक गोल सावित भयो । कप्तान भोलाले पेनाल्टीमार्फत गोल गरेका हुन् ।

रवि पासवानको कर्नरमा एपिएफका राजन गुरुङले पुलिसका भरत साहलाई धकेलेपछि रेफ्री प्रकाशनाथ श्रेष्ठले पुलिसलाई पेनाल्टी दिएका थिए । सोही अवसरलाई सदुपयोग गर्दै कप्तान भोलाले गोल गरेका थिए ।

खेलमा पुलिसका सौजन राई म्यान अफ दि म्याच घोषित भए । जितसँगै पुलिस लिगको पाँचौं स्थानमा उक्लिएको छ । पुलिसले नौ खेलमा १४ अंक जोडेको छ । त्यस्तै पराजित एपिएफ ९ खेलमा ५ अंक जोडेर अंक तालीकाको १३औं स्थानमा छ ।

# उपुल थरंगाले ईपीएल खेल्ने



**काठमाडौं, मस-** श्रीलंका पूर्व कप्तान तथा बायाँ हाते ओपनर ब्याट्सम्यान उपुल थरंगाले काठमाडौंमा हुने आगामी संस्करणको एभरेष्ट प्रिमियर लिग (इपीएल) खेल्ने भएका छन् । गत सिजनको विजेता ललितपुर प्याट्रियट्सबाट थरंगाले इपिएल खेल्ने भएका छन् । श्रीलंकाका पूर्व कप्तान तथा विकेटकिपर समेत रहेका उपुल थरंगा श्रीलंकाबाट ३१ टेष्ट, २ सय ३५ एकदिवसीय र २६ टी ट्वान्टी खेलेका छन् । टेष्टमा ३ शतक र ८ अर्ध शतक सहित १ हजार ७ सय ५४ रन बनाएका छन् ।

एक दिवसीय क्रिकेटमा उनले १५ शतक र ३७ अर्ध शतक सहित कुल ६ हजार ९ सय ५१ रन बनाएका छन् । उत्कृष्ट प्रर्दशन १ सय ७४ नट आउट छ । २६ टी ट्वान्टी खेलमा ४ सय ७ रन बनाएका छन् । त्यस्तै वेस्ट इन्डिजका स्टार अलराउन्डर ड्वेन स्मिथले इपिएल शरद भेषवाकर कप्तान रहेको भैरहवा ग्याडियटर्सबाट खेल्ने छन् । दक्षिण अफ्रिका पूर्व कप्तान हसिम अमलाले पनि इपिएल खेल्ने पक्का भएको छ ।

# 'आत्मरक्षा तालिम सबैलाई आवश्यक'



**काठमाडौं, मस-** राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवालले आत्मरक्षाका लागि सम्पुर्ण नेपाली नागरिक सक्षम हुनुपर्ने औंल्याएका छन् ।

नेपाल सेल्फ डिफेन्स संघको आयोजनामा संचालन भएको दोश्रो अर्न्तराष्ट्रिय सेल्फ डिफेन्स सम्मेलनको समापनमा उनले यस्तो बताएका हुन् ।

सदस्य सचिव सिलवालले सेल्फ डिफेन्सले शुरु गरेको आत्मरक्षा तालिमको अभियानलाई परिषद्ले सक्दो सहयोग गर्ने समेत बताए । सेल्फ डिफेन्सको कला प्रर्द्धशनीमा सहभागी हुँदै सिलवालले यस्ता प्रशिक्षणले आफैलाई मजबुत बनाउनेमा बिश्वास दिलाएको जिकिर गरे । दशरथ रंगशालाको कवर्ड हलमा भएको समापन सत्रमा सम्मेलनका लागि नेपाल आएका अन्तर्राष्ट्रिय सेल्फ डिफेन्स एशोसियसन, पोल्याण्डका संस्थापक ग्राण्ड मास्टरले नेपालमा निमन्त्रणा गरेर प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्न पाउँदा आफू उत्साहित रहेको बताए । समापन सत्रका कै क्रममा ग्राण्ड मास्टरले नेपाल सेल्फ डिफेन्स संघलाई अर्न्तराष्ट्रिय आबद्धता समेत प्रदान गरेको संघका महासचिव नुतन श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा नेपालका अध्यक्ष डिबि रानापाललाई मानार्थ सेल्फ डिफेन्स तेश्रो डान, शाखा प्रमुख एवं संघका उपाध्यक्ष सञ्जु महर्जनलाई सेल्फ डिफेन्स पाँचौ डानका साथमा आधा दर्जन बढी पदकद्धारा सम्मान गरियो । त्यस्तै संघका सहायक प्रशिक्षक राधिका ऐर हमाललाई सेल्फ डिफेन्स चौथो डान तथा अन्य पदद्धारा सम्मान गरिएको महासचिव श्रेष्ठले जानकारी दिए । बिभिन्न ४० भन्दा बढी जिल्लाका सेल्फ डिफेन्स प्रशिक्षकको सहभागिता रहेको सो कार्यक्रममा ग्राण्ड मास्टरले बिभिन्न तहको प्रमाण पत्र प्रदान गरेका छन । कार्यक्रममा संघलाई सहयोग गर्ने दर्जन बढी बिभिन्न ब्यक्तित्वहरुलाई दोसल्ला तथा सम्मान पत्रद्धारा संघले सम्मान गरेको छ ।

# महान खेलाडीको हेलिकप्टर दुर्घटनामा निधन

**काठमाडौं, एजेन्सी-** हेलिकोप्टर दुर्घटनामा परेर अमेरिकी बास्केटबलका 'महान' खेलाडी कोबे ब्रायन्टको निधन भएको छ । हेलिकोप्टर दुर्घटनामा ब्रायन्टसँगै उनकी छोरी गियानासहित नौ मृत्यु भएको हो । लगातार पाँच पटक एनबीए च्याम्पियन ब्रायन्टलाई बास्केटबल इतिहासकै सबैभन्दा महान खेलाडीको रुपमा मानिन्थ्यो ।

सन् २०१६ मा सन्यास लिएका ब्रायन्टले आफ्नो २० वर्षे करियरमा लस एन्जेल्स लाकेर्सको तर्फबाट खेल्दै आएका थिए । सन् २००८ मा सबैभन्दा महान खेलाडी र दुई पटक एनबीए फाइनलमा एमवीपीको पद हासिल गरेका ब्रायन्ट दुई पटक ओलम्पिक च्याम्पियन पनि बनेका थिए ।

ब्रायन्टले सन् २००६ मा टोरन्टो र्याप्टर्सविरुद्ध ८१ प्वाइन्ट प्राप्त गरेका थिए । एनबीए इतिहासमै यो कुनै खेलाडीले प्राप्त गरेको दोस्रो सबैभन्दा धैरै स्कोर हो । कोबेका निधनमा विश्वका राजनीतिज्ञका साथै खेलाडीहरुले पनि दुःख व्यक्त गरेका छन् ।


## साउदीमा रोजगार | कम्पनी: MUZNAH MUBARAK BIN MAHFOUZ TRADITIONAL FOOD RESTAURANT

शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६२१ LT. No.: 229401

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३०,३४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २२ गते (5 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**STERLING OVERSEAS P. LTD.**
STERLING OVERSEAS(P)LTD
श्रम ईजाजत नं. ६८१/०६३/०६४
P.O.Box: 13557, Gangabu- 5, Samakhushi, Kathmandu, Nepal
Tel: 01-4385673, 4352723,Fax: 01-4385674, 9851230998, 9851239044
E-mail: info@sterling.com.np,Website: www.sterling.com.np

## मलेसियामा रोजगार | कम्पनी : MALAYSIA MILK SENDIRIAN BERHAD

शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०४८१ LT. No.: 231630

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | General Worker | 150 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २१, २२ र २३ गते (4, 5 & 6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

## Malaysia मा रोजगार | Company : UNITED MS CABLES MFG. SB

City: SELANGOR

पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६१८ LT. No.: 231746

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु साग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DOS LINK PVT. LTD.**
DOS Link
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

## यूएईमा रोजगारको अवसर | कम्पनी: S M S CLEANING SERVICES

शहर: DUBAI

पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६०५ LT. No.: 231547

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Famale) | 0 | 60 | | 900 | २७,८१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
साविकको नामः रिजा ह्युमन रिसोर्स प्रा. लि.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०
Email: nepal@mobhiraservices.com, info@mobhiraservices.com, Web: www.mobhiraservices.com

## UAE मा रोजगार | कम्पनी : GULF ERECTION COMPANY W L L

शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६१० LT. No.: 231861

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 5 | 0 | | 1100 | ३४,०९० | | | | | | | |
| 3. | Mason | 5 | 0 | | 1100 | ३४,०९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, सुकेधारा, काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
ईजाजत न.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal, Tel : 4375822, 4375824, Mob.: 9823089487
9841781155, 9808265859, 9842692598, 9813198481, E-mail: infobiraddocumentation@gmail.com

## कतारमा वेदेशिक रोजगारको अवसर | कम्पनी : HILLPOINT.

शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६२० LT. No.: 231823

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Technician | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 3 | 0 | | 900 | २७,९९० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २१ गते (4 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Chartered Global Human Resources Pvt. Ltd.**
CG HR CHARTERED GLOBAL HUMAN RESOURCES PVT. LTD.
श्रम इजाजत नं. १३४७/०७४/०७५
Tokha-10, Kathmandu, Tel.: 01-4380114, 4388226, Mo.: 9845043179, 9851249861, 9851249859, Email: info@cg-hr.com, Web: www.cg-hr.com



## मोटरसाइकल हराएको सूचना

मिति २०७६/१०/११ गते १४:०० बजेको समयमा गोकर्णेश्वर न.पा. वडा नं.-०५, जोरपाटी स्थित जुवी पेट्रोल पम्प नजिक सडक किनारमा पार्किङ गरी राखेको स्थानबाट प्रदेश नं. ३-०२-००९ प ४८२७ नम्बरको रातो/कालो कलरको मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

सवारी धनी : अजय लामा
ठेगानाः सिन्धुपाल्चोक सुनकोशी गा.पा. वडा नं.-६
च्यासिस नंः MD2A13EY6KCB83453
इन्जीन नं : DKYCKB56908
सम्पर्क : ९८४११६०८५३

## भूल सुधार

मिति २०७६/१०/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा साउदी मा वैदेशिक रोजगारको अवसर शिर्षक, कम्पनी : saudi airlines catering company, चलानी नं.: ६०१४०७४४, पून चलानी नं.: ६९०, र LT. No.: 221101 को विज्ञापनमा अन्तर्वार्ता Darcy's International Hotel बुटवलमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ । हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल,
फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४

## वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## जस्तो सीप उस्तै रोजगार

मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्स: ५५५५७९४
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ११०/०६७/०६८
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

### लगानी कोष सम्बन्धी ऐनमा अर्थमन्त्रीको धारणा

# ‘नागरिक लगानी कोष मुद्रा बजार होइन’

मध्यान्ह संवाददाता
काठमाडौं, १३ माघ

अर्थमन्त्री डा युवराज खतिवडाले नागरिक लगानी कोष मुद्राबजारको संस्था नभई पूँजीबजारको संस्था भएको बताएका छन् । सङ्घीय संसदको अर्थ समितिको सोमबारको बैठकमा बोल्दै अर्थमन्त्री खति वडाले यस्तो बताएका हुन् ।



‘नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक’ माथिको छलफलमा अर्थमन्त्री डा खतिवडाले कोषको सहायक कम्पनी स्थापना गरी पूँजीबजारमा लगानी बढाउने तयारीमा सरकार अगाडी बढेको जानकारी गराए । उनले ‘मार्केट मेकर’ अत्यावश्यक भएकाले पनि त्यसतर्फ केन्द्रीत हुन लागेको बताए । अर्थमन्त्रीले भने, “सहायक कम्पनीमार्फत कोषले पूँजीबजारमा मार्केट मेकरको काम गर्छ । त्यसका लागि कोषको पूँजी रु तीन अर्ब पर्याप्त छ ।”

लगानीकर्ताको हितका लागि स्थापना गरिएको कोष वाणिज्य बैंक जस्तो नरहेको र ट्रष्टी पनि नभएको उनको भनाइ थियो । उनले कोष सामान्य नाफामूलक सार्वजनिक संस्था भएको र सङ्कलन गरिएको रकमको सुरक्षित लगानी गर्ने निकाय मात्रै भएको जानकारी दिए । नागरिक लगानी कोषलाई पूँजीबजारमा लगानी विस्तारका लागि मार्ग प्रशस्त गर्न लागिएको बताउनुभएको छ । उनले कोषले सहायक कम्पनीमार्फत पूँजीबजारमा लगानी बढाउने र त्यसले बजार विस्तारका अतिरिक्त सुदृढीकरणमा समेत काम गर्ने विश्वास व्यक्त गरे ।

“कोष वाणिज्य बैंक जस्तो नाफा कमाउने संस्था त होइन, तर लगानी सुरक्षित भने हुनुपर्छ । त्यसकाकारण यसलाई अन्य नाफामूलक संस्था जसरी तुलना गरिनु उपयुक्त हुँदैन”, उनले भने ।

उनले नागरिक लगानी कोष र कर्मचारी सञ्चयकोषलाई सामाजिक सुरक्षा कोषसँग मेल खाने गरी कुनै पनि प्रकारको योजना नल्याउनसमेत निर्देशन दिए । कर्मचारी सञ्चयकोषका अध्यक्ष समेत रहनुभएका राजश्व सचिव शिशिरकुमार ढुङ्गानालाई निर्देशन दिँदै उनले भने, “कर्मचारी सञ्चयकोषको अध्यक्ष पनि यहीँ हुनुहुन्छ । सकेसम्म सामाजिक सुरक्षा कोषसँग मिल्ने गरी कुनै पनि योजना नल्याउनुस् ।”

समितिको बैठकमा ‘नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक’ माथिको दफावार छलफल जारी छ । यस विधेयकमा सांसदहरुले धारणा राखिरहेका छन् । केहिदिन दफाबार छलफल अझै चल्ने समितिले जनाएको छ । सबै दफामा सहमति भए पछि विधेयकलाई निर्णयार्थ संघीय संसदमा पेश गरिनेछ ।

# शेयर बजार हरियाली

मध्यान्ह संवाददाता
काठमाडौं, १३ माघ

साताको पहिलो दिन आइतबार दोहोरो अङ्कले ओरालो लागेको बजार दोस्रो दिन सोमबार भने हरियाली देखिएको छ । सोमबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बार पुरै हरियाली छाएको हो । कारोबार मापक नेप्से परिसूचक सोमबार भने झण्डै २४ अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से २३.९५ विन्दुले बढेर एक हजार ३००.६२ मा पुगेको छ । यस्तै सेन्सेटिभ परिसूचक ४.५३ ले वृद्धि भई २७९.१५ मा पुगेको छ ।

नेप्सेमा उच्च विन्दुको सुधार देखिँदा कारोवार रकममा भने त्यसको प्रभाव देखिएन । कूल १८० कम्पनीको २४ लाख नौ हजार २६२ कित्ता शेयर रु ९१ करोड ७३ लाख ५९ हजार ८६५ मूल्यमा खरीद बिक्री भए । नेप्सेका अनुसार कारोवार भएका कूल १२ उपसमूहको शेयर नै उकालो लागेको छ । बैंकिङ




१८.०१, व्यापार ३४.५९, होटल ८३.३२, विकास बैंक ४३.८१, जलविद्युत् १९.५१, वित्त २.८६, निर्जीवन बीमा १४९.७६, उत्पादन ९.८६, अन्य ५.१५, लघुवित्त ६६.४३, जीवन बीमा १७४.०३ र सामूहिक लगानी कोष ०.०४ ले वृद्धि भएको छ ।

कारोवारका आधारमा सोमबार नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु आठ करोड १४ लाख २८ हजार ४६९ बराबरको कारोवार भई शीर्ष स्थानमा रहेको छ । यस्तै ग्लोबल आइएमई बैंक रु पाँच करोड २६ लाख ५७ हजार ७२९, गरिमा विकास लघुवित्त वित्तीय संस्था रु चार करोड ६८ लाख ३४ हजार २७, एनआइसी एशिया रु दुई करोड ७० लाख ४९ हजार ८६२, प्राइम बैंक रु दुई करोड ५९ लाख ५० हजार र गुराँस लाइफ इन्स्योरेन्स रु दुई करोड ५१ लाख ७० हजार ७४८ बराबरको कारोवार भई शीर्ष स्थानमा रहे ।

# धान खरिद बन्द गरेपछि किसान निराश



**वीरगञ्ज/रासस–** नेपाल सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जले धान खरिद गर्न बन्द गरेपछि किसान निराश भएका छन् । कार्यालयले एक सूचना प्रकाशित गरी माघ १० गतेदेखि धान खरिद गर्न बन्द गरेपछि धान बेच्न आउने किसान निराश भई घर फर्किन बाध्य भएका हुन् ।

एकाबिहानै ट्र्याक्टरमा धान लिएर वीरगञ्जको मुर्लीस्थित कम्पनीको शाखा कार्यालयमा पुग्दा धान खरिद गर्न बन्द गरेको थाहापाएपछि निराश भई घर फर्केका वीरगञ्ज महानगरपालिका-२४ रामगढवा किसान विजय पण्डितले भने, “कार्यालयले एकाएक धान खरिद गर्न बन्द गरेपछि हामीले सस्तो दरमा निजीस्तरका गल्ला व्यापारीलाई बेच्नुपर्ने बाध्यता आइपुगेको छ ।”

अचानक सो सूचना प्रकाशित गरी धान खरिद स्थगित गरे पनि अहिले पनि सो कार्यालयमा दैनिक तीनदेखि ६ सय क्विन्टल धान बिक्री गर्न किसान आउने गरेको छ । तर धान खरिदको काम बन्द भएपछि किसान निराश भई घर फर्किन बाध्य भएको सो कार्यालयका वरिष्ठ सहायक मुनिलाल कुशवाहाले राससलाई बताए ।

जिरा मन्सुली पाँच हजार क्विन्टल तथा सोना मन्सुली २० हजार क्विन्टल गरी कूल २५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेकामा कार्यालयले जिरा मन्सुली ३२ क्विन्टल २५० केजी तथा सोना मन्सुली १९ हजार ९९९ क्विन्टल २० केजी खरिद गरिसकेको छ । निजी गल्ला व्यापारीले जीरा मसिनो धानप्रति क्विन्टल तीन हजार २० रुपैयाँमा खरिद गर्ने गरेको छ भने कार्यालयले सो धान प्रतिक्विन्टल तीन हजार एक सयमा खरिद गर्ने गरेको छ ।

# महालक्ष्मीले शुरु गऱ्यो आरटीजीएस प्रणाली



**काठमाडौं/मस–** महालक्ष्मी विकास बैंकले आफ्ना ग्राहकहरुका लागि गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकसँग आर. टी. जी. एस प्रणालीसँग सम्बन्धित समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

उक्त सम्झौता पश्चात ग्राहकहरुले रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) बाट कारोबार गर्दा वास्तविक समयमा नै कारोबारहरु फस्यौंट हुने हुँदा बैंकको भुक्तानी प्रणालीमा थप सहजता आउने बैंकले जनाएको छ ।

उक्त सम्झौतापत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट भुक्तानी प्रणली विभागका कार्यकारी निर्देशक रेवती प्रसाद नेपाल र महालक्ष्मी विकास बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछानेले हस्ताक्षर गरे ।

देशका १०२ वटा शाखाहरुबाट बैकिङ्ग सेवा प्रदान गर्दै आएको महालक्ष्मी विकास बैंक लि. ले आधुनिक प्रविधिमा आधारित भई अनलाईन बैंकिङ्ग, एटीएम, क्यूआर पेमेन्ट, मोबाईल बैकिङ्ग लगायतका सेवाहरु उपलब्ध गराउँदै आईरहेको छ ।

# महानगरको लगानीमा सहिदको शालिक

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले शहीद धर्मभक्त माथेमाले अमरत्व प्राप्त गर्नुभएको स्थान सिफल उकालोमा उनको पूर्ण कदको सालिक प्रतिस्थापन गरेको छ । शहीद सप्ताहअन्तर्गत सोमबार माथेमाले अमरत्व प्राप्त गरेको स्थानमा आयोजना गरिएको श्रद्धाञ्जलि सभामा महानगरका प्रमुख एवं शहीद सप्ताह मूल समारोह समितिका संयोजक विद्यासुन्दर शाक्यले सालिक अनावरण गरे । सालिक रु १० लाखमा कलाकार महेश तुलाधरले तयार पारेका हुन् ।



तस्वीर : मोहन बास्तोला

कार्यक्रममा कामपाका प्रमुख शाक्यले समृद्धि र विकासले मात्र शहीदको सपना पूरा हुने बताउँदै हालसम्म प्राप्त गरिएको राजनीतिक उपलब्धि शहीदकै कारणले भएको बताए । कामपाका उपप्रमुख हरिप्रभा खड्गीले आफ्नो सम्पन्नता भन्दा नागरिकको स्वतन्त्रता र सम्पन्नतालाई महत्व दिनुहुने काजी परिवारको माथेमाले देखाएको बाटोमा सदैव लम्किरहनुपर्ने धारणा राखे ।

सभामा शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले कामपाले पूर्ण कदको सालिक निर्माण गर्न लगाएपछि शहीदको बलिदानीका बारेमा नयाँ पुस्तालाई स्मरण गराउन मिल्ने बताए । विसं १९६६ आश्विन १ गते काठमाडौँको ओमबहालमा जन्मनुभएका माथेमालाई तत्कालीन राणा शासकका विरुद्धमा गतिविधि सञ्चालन गरेको भन्दै विसं १९९७ माघ १३ गते काठमाडौँको सिफलमा रहेको बकाइनोको रूखमा झुण्डयाएर प्राणदण्ड दिइएको थियो ।

तत्कालीन राणा प्रधानमन्त्री जुद्धशम्शेरले १९९७ साल माघ ६ गते शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई ज्यान दण्ड दिने निर्णय गरेका थिए । निर्णय भएको चार दिनपछि शुक्रराज शास्त्रीलाई टेकु मचलीमा झुण्डयाएर, सात दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालोमा झुण्डयाएर र नौ दिनपछि दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभा भगवतीमा गोली हानी ज्यान दण्ड दिइएको थियो । शहीद सप्ताहका बाँकी कार्यक्रममा माघ १५ गते शोभा भगवतीमा शहीद गङ्गालाल श्रेष्ठ र दशरथचन्दले अमरत्व प्राप्त गरेको स्थानमा श्रद्धाञ्जलिसभा गरिनेछ ।

# एनआईसी एशियाका ग्राहकलाई सामसङ ग्यालेक्सी छुट

**काठमाडौं/मस–** एन.आई.सी एशिया बैंकका ग्राहकलाई सामसङ ग्यालेक्सी मोबाइल खरिदमा विशेष छुट मिल्ने भएको छ । सामसङले ग्राहकको आवश्यकता तथा सन्तुष्टीलाई प्राथमिकतामा राखेर एन.आई.सी एशिया बैंकसँग सहकार्य गरेको हो ।

ग्राहकको आवश्यकता तथा मागलाई मध्यनजर गर्दै सामसुङले सामसङ ग्यालेक्सी एस१०/एस १०प्लस र सामसङ ग्यालेक्सी नोट१०रनोट१० प्लसमा विशेष छुटको अफर ल्याएको हो । सामसङ ग्यालेक्सी एस१०रएस१०प्लस तथा ग्यालेक्सी नोट१०रनोट१० प्लसमा एन.आई.सी एशियाको डेबिट कार्ड/क्रेडिट कार्डरक्यूआरबाट खरिद गर्दा १५५ वा अधिकतम तीन हजारसम्म छुट प्रदान गर्ने सम्झौता भएको छ ।

यो अफर एन.आई.सी एशिया बैंकका कार्ड मेसिन भएका सामसङका सम्पूर्ण आउटलेटहरुमा यही फेब्रुअरी २८सम्म उपलब्ध हुनेछ । सामसङले बैंकको सेवा लिइरहेका आफ्ना ग्राहकहरुलाई यस अफरले अझ सहज हुने अपेक्षा राखेको छ ।

सामसङ मोबाइल बिजिनेस हेड प्रणय रत्न स्थापितले भने, ‘सामसङ अर्थपूर्ण आविष्कारहरू प्रदान गर्नमा सदैव विश्वास गर्दछ । यसैको प्रतिफल हाम्रा उत्पादनहरुले उपभोक्ताहरूको जीवनमा थप सहजता प्रदान गर्दछ ।

सामसङको पावर अफ १० सिरिज यसको भिन्न अनुभवको लागि परिचित छ यसको प्रयोगले प्रयोगकर्ताहरूलाई असीम सम्भावनाहरू पत्ता लगाउन अझै शक्ति प्रदान गर्दछ । सुविधाजनक रूपमा पहुँचयोग्य प्रिमियम सुविधाहरू यस सिरिजबाट प्राप्त हुनेछन् ।’

# मेगा बैंकको आयोजनामा आँखा शिविर

**काठमाडौं/मस–** मेगा बैंक नेपाल लिमिटेडले पर्सामा आयोजना गरेको आँखा शिविरबाट सयौं सर्वसाधारण लाभान्वित भएका छन् । नेपाल नेत्र ज्योति संघ, रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल र लायन्स क्लव अफ वीरगञ्ज मिलेनियमसँगको सहकार्यमा मेगा बैंकले पर्सा जिल्लाको बेल्वामा निःशुल्क आँखा शिविर आयोजना गरेको हो ।

शिविरमा २ सय ७५ जनाले आँखा जाँच गराएका थिए । जसमध्ये एक सय जनामा रतन्धो भेटिएको थियो । त्यसमध्ये केही बिरामीको शिविरमै निःशुल्क शल्यक्रिया गरिएको थियो । नेपालकै अग्रणी बैंकको रुपमा स्थापित मेगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत देशका विभिन्न भागमा विविध कार्यक्रम गर्दै आएको छ ।

# प्रभु बैंकको एक्स्टेन्सन काउण्टर विस्तार

**काठमाडौं/मस–** प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा म्याग्दीको बेनी नगरपालिकास्थित वडा नं ७ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ ।



म्याग्दीस्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको मिति २०७६ माघ १२ गते म्याग्दीका प्रमुख जिल्ला अधिकृत ग्याननाथ ढकालले एक समारोहका बीच उद्घाट्न गरे ।

नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यलयमा पनि सेवा विस्तार गर्न सफल भएको छ ।

प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रिएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
CCTV, EPABX बिक्रि तथा मर्मत,
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८०९७२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ